# समस्याग्रस्त संस्था रिजोलुसन महाशाखाको

## वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७१/७२)

नेपाल राष्ट्र बैंक
समस्याग्रस्त संस्था रिजोलुसन महाशाखा
२०७२ श्रावण

**विषय-सूची**


| | पेज नम्वर |
|---|---|
| १. परिचय | २ |
| २. Problem Bank Resolution Framework | ३ |
| ३. महाशाखाको कार्य जिम्मेवारी | ३ |
| ४.सस्थालाई समस्याग्रस्त घोषणा गर्ने र फाइल हस्तान्तरण प्रकृया | ५ |
| ५. रिजोलुसन कार्यको आवश्यकता | ५ |
| ६. रिजोलुसन प्रक्रिया | ६ |
| ७. समस्याग्रस्त सस्थाहरुको बर्तमान अवस्था | ७ |
| ८. स्थलगत सुपरिवेक्षण | ९ |
| ९. गैरस्थलगत सुपरिवेक्षण | १६ |
| १०. समस्याग्रस्त सस्थाको खारेजी प्रक्रिया | १८ |
| ११. रिजोलुसन कार्यमा देखिएका समस्या र चुनौतीहरु | २० |
| १२. नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि | २१ |

**अनुसूचीहरु**

अनूसूची- १ समस्याग्रस्त सस्थाहरुको नाामावली

अनुसूची- २ समस्याग्रस्त सस्थाहरुको प्रमुख वित्तीय परिसूचकहरू (अपरिष्कृत)

## १. परिचय

नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ को दफा ४ को उपदफा (१) को खण्ड (घ) मा उल्लेख भएको बैंकिङ्ग तथा वित्तीय प्रणालीको नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने उद्देश्य पूरा गर्ने तथा सोही दफाको उपदफा (१) को खण्ड (ङ) मा उल्लेख भएको नेपालको समग्र बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने उद्देश्य परिपूर्ति गर्ने सन्दर्भमा यस बैंकको बैंक सुपरिवेक्षण विभाग, विकास बैंक सुपरिवेक्षण विभाग, वित्त कम्पनी सुपरिवेक्षण विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागबाट आ-आफ्नो सुपरिवेक्षकीय दायराभित्र पर्ने यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण कार्य हुँदै आएको छ । यसका अतिरिक्त सुपरिवेक्षकीय दृष्टिकोणबाट समस्याग्रस्त घोषणा भई सञ्चालनमा रहेका बैंक तथा वित्तीय सस्थाहरुको कार्य अगाडि बढाउन आ.व. २०७०।७१ को मौद्रिक नीति मार्फत छुटै ईकाईको स्थापना गर्ने लक्ष लिईएकोमा यस बैंकको संचालक समितिबाट मिति २०७०।२।६ मा Problem Bank Resolution Framework स्वीकृत गरी सोही बमोजिम मिति २०७०।९।१२ गते समस्याग्रस्त सस्था रिजोलुसन महाशाखाको स्थापना भएको छ । हालका दिनहरुमा बैंक तथा वित्तीय संस्थाहरुको संख्यात्मक थपघट, चुक्ता पुंजीमा गरिएको बृद्धि, बढ्दै गएको कारोवारको परिमाण र जोखिम व्यवस्थापन गर्ने सन्दर्भमा देखिएका जटिलताका सन्दर्भमा समस्यामा रहेका सस्थाहरुको रिजोलुसन प्रक्रिया अगाडि बढाउने कार्य थप चुनौतीपूर्ण देखिएको छ । नेपाल राष्ट्र बैंकका देहायका उद्देश्यहरु हासिल गर्न बैंक तथा वित्तीय संस्थाहरुको सुपरिवेक्षण र रिजोलुसन सम्बन्धी कार्यहरु अगाडि बढाउने गरिन्छ :-

- स्वस्थ र सक्षम वित्तीय प्रणालीको विकास गर्न,
- कुशल वित्तीय बजारको निर्माण गरी वित्तीय स्थायित्व कायम गर्न,
- वित्तीय क्षेत्रमा प्रचलित नियम, कानून तथा निर्देशनहरूको पालना गर्न लगाउन,
- वित्तीय संस्थाहरुमा प्रभावकारी व्यवस्थापन तथा जोखिम नियन्त्रण प्रणालीको विकास गराउन,
- स्वस्थ वित्तीय संस्थाहरू मार्फत् विशेष गरी निक्षेपकर्ताका साथै सरोकारवालाहरू (Stakeholders) को हकहितको संरक्षण गर्न,
- वित्तीय परिसूचक मार्फत् देखिने पूर्वसावधानी सङ्केतहरू (Early Warning Signals) का आधारमा देखिएका समस्याहरुलाई समयमा नै पहिचान गरी उपयुक्त समाधान गर्न र
- सुधारात्मक तथा उपचारात्क उपायहरु अवलम्वन गरी समस्यामा परेका संस्थाहरुको उपयुक्त रिजोलुसन कार्य अगाडि बढाउन ।

कमजोर बैंक तथा वित्तीय संस्थाहरुको संचालनले वित्तीय प्रणाली तथा समग्र आर्थिक प्रणालीमा पार्न सक्ने नकारात्मक असरलाई न्यून गरी वित्तीय स्थायित्व कायम गर्न समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुलाई सुधारात्मक तथा उपचारात्मक प्रकृयाहरु मार्फत सस्थालाई सुधारको मार्गमा लैजाने र उक्त प्रक्रियाबाट पनि सुधार हुन नसक्ने सस्थाहरुलाई खारेजीमा लैजाने कार्यमा प्रक्रियागत सरलता ल्याउन समस्याग्रस्त सस्था रिजोलुसन महाशाखाको स्थापना भएको छ । हाल बैंकले घोषणा गरेका ३ वटा विकास बैंक र १० वटा वित्त कम्पनी गरी कुल १३ वटा वित्तीय सस्थाहरुको (अनुसूची-१) सुपरिवेक्षण र रिजोलुसन सम्वन्धी कार्यहरु यस महाशाखाको कार्यक्षेत्रमा परेका छन् । यस महाशाखाको स्थापना हुनु अघि खारेजी प्रक्रिया अगाडि बढाइएका नेपाल विकास बैंक लि. युनाइटेड विकास बैंक लि. र सम्झना फाइनान्स लि.

मध्ये नेपाल विकास बैंक लि. को Residual Value प्रभु बैंक लि. ले खरिद गरेको छ । रिजोलुसन सम्वन्धी विद्यमान प्रचलित व्यवस्थाहरु र अन्तराष्ट्रिय अभ्यासहरु लगायतका विषयहरु समावेश गरी तयार गरिएको समस्याग्रस्त बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७१ को विनियम १९ मा भएको व्यवस्था बमोजिम समस्याग्रस्त सस्थाहरुको पूँजी, कर्जा, निक्षेप, तरलता लगायतका विषयहरुमा केन्द्रित रहेर सुधारका लागि दिइएका निर्देशनहरु, महाशाखाबाट सम्पादन गरिएका कार्यहरुको आधारमा वार्षिक प्रतिवेदन तयार गरिएको हो ।

## २. Problem Bank Resolution Framework

यस बैकबाट इजाजतपत्र प्राप्त केही बैंक तथा वित्तीय संस्थाहरु आर्थिक, गैर आर्थिक तथा अन्य कारणहरुले गर्दा समस्याग्रस्त हुँदै गएकोले ती संस्थाहरुमा देखिएका समस्याहरुको समाधानको लागि उपयुक्त सुधारात्मक तथा उपचारात्मक विधि अवलम्वन गर्ने प्रकृया अगाडि बढाउने सन्दर्भमा मिति २०७०।२।६ मा बसेको यस बैंकको संचालक समितिको बैठकवाट Problem Bank Resolution Framework स्वीकृत भएको । यसमा भएका मुख्य व्यवस्थाहरु निम्नानुसार छन् ।

- महाशाखाको संगठन संरचना ।
- कार्य प्रकृयाको सोपान संरचना ।
- रिजोलुसन सम्वन्धी कार्य योजनाको तयारी व्यवस्थाहरु ।
- उपयुक्त पद्धतिको पहिचान गर्नेः पूंजी थप गर्ने, पूनसरचना गर्ने, बजारीकरण योजनाको तयारी ।
- आवश्यक कानूनी व्यवस्थाहरु, प्रकृयाहरु र कागजातहरु ।
- Due Diligence Assessment ।
- सम्पत्तिको खरिद विक्री, व्यवस्थापन, Downsiziging, Contengency Funding Plan ।
- निक्षेप वीमा सम्वन्धी कार्यहरु ।
- अन्तराष्ट्रिय अभ्यास तथा अन्य व्यवस्थाहरु ।

## ३. महाशाखाको कार्य जिम्मेवारी ( TOR)

समस्याग्रस्त संस्थाहरुको रिजोलुसन कार्यलाई व्यवस्थित र प्रभावकारी तवरले संचालन गरी समस्यग्रस्त संस्थाहरुको सुधार/निकास प्रक्रियालाई व्यवस्थित गर्न प्रारम्भिक अवस्थामा महाशाखाबाट देहाय बमोजिमका कार्यहरु सम्पादन गर्ने/गराउने व्यबस्था गर्न कार्यादेश स्वीकृत भएको ।

क) यस बैंकको निर्णय अनुसार समस्याग्रस्त घोषणा गरिएका संस्थाहरुको विवरण, सो सम्बन्धी फाईलहरु र आवश्यक कागजातहरु सम्बन्धित सुपरिवेक्षण विभागबाट प्राप्त गर्ने ।

ख) समस्याग्रस्त संस्था सम्बन्धी फाईलहरु सम्बन्धित विभागवाट महाशाखामा प्राप्त भएपछि सो सम्बन्धमा तत्कालै सम्पादन गर्नुपर्ने नियमित प्रकृतिका कार्यहरु सम्पादन गर्ने र सूधारका कार्यहरु अगाडि बढाउन प्रस्ताव तयार गरी आवश्यक निर्णयको लागि समस्याग्रस्त संस्था रिजोलुसन समितिमा पेश गर्ने ।

ग) समस्याग्रस्त संस्थाका पदाधिकारीहरुसंग सुधार/निकासको लागि चाल्नु पर्ने कदमका सम्बन्धमा आवश्यकता अनुसार सम्पर्क/छलफल गर्ने, स्थलगत निरीक्षण र गैर स्थलगत

सुपरिवेक्षण गरी संस्थाको पछिल्लो अवस्थाको जानकारी प्राप्त गर्ने । साथै, समस्याग्रस्त संस्थाले २०७१ बैशाखपछि यस बैंकको निर्देशन बमोजिम सम्बन्धित सुपरिवेक्षण विभागमा आवधिक रुपमा पेश गर्नु पर्ने सूचना, विवरण तथा प्रतिवेदन यस महाशाखामा पेश गर्ने व्यवस्था मिलाउन सम्वन्धित संस्थाहरुमा पत्राचार गर्ने ।

घ) समस्याग्रस्त संस्थाहरुवाट आवधिक रुपमा (साप्ताहिक/मासिक/त्रैमासिक/बार्षिक) प्रतिवेदन प्राप्त गरी सोमा उल्लिखित मूख्य विषयहरु र विभागीय राय सहितको प्रतिवेदन तयार गरी त्रैमासिक रुपमा रिजोलुसन समितिमा पेश गर्ने व्यवस्था मिलाउने । सो प्रयोजनको लागि विनियमावलीमा व्यवस्था गर्ने शर्तमा डेपुटी गभर्नरको अध्यक्षतामा रहने गरी समस्याग्रस्त संस्था रिजोलुसन समिति गठन गर्ने ।

(ङ) समस्याग्रस्त संस्थाको प्रकृया अगाडि बढाउनको लागि आवश्यक पर्ने प्रावधानहरु, सूधारात्मक तथा उपचारात्मक विधि र प्रकृया, विभिन्न विकल्पहरु लगायतका प्रावधान सहितको "नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली" को मस्यौदा तयार गरी संचालक समितिबाट स्वीकृत गर्ने ।

(च) समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली तयार गर्दा निरीक्षण तथा सुपरिवेक्षण विनियमावली लगायत अन्य आवश्यक नीति र निर्देशिकामा कुनै परिमार्जन गर्नू पर्ने भए सो समेतको संशोधन प्रस्ताव तयार गर्ने व्यवस्था मिलाउने ।

(छ) समस्याग्रस्त संस्था सुधार सम्बन्धमा आइपर्ने नियमित प्रकृतिका अन्य आवश्यक कार्यहरु सम्पादन गर्ने र गराउने ।

उपरोक्त कार्यादेश अनुसार समस्याग्रस्त घोषणा गरिएका ३ वटा विकास बैंक र १० वटा वित्त कम्पनी गरी कुल १३ वटा वित्तीय संस्थाहरुको विवरण, सो सम्बन्धी फाईलहरु र आवश्यक कागजातहरु सम्बन्धित सुपरिवेक्षण विभागबाट प्राप्त भई सकेको । २०७१ बैशाखपछि यस बैंकको निर्देशन बमोजिम सम्बन्धित सुपरिवेक्षण विभागमा आवधिक रुपमा पेश गर्नु पर्ने सूचना, विवरण तथा प्रतिवेदन यस महाशाखामा पेश गर्ने व्यवस्था भै सकेको । समस्याग्रस्त संस्थाको प्रकृया अगाडि बढाउनको लागि आवश्यक पर्ने प्रावधानहरु, सुधारात्मक तथा उपचारात्मक विधि र प्रकृया, विभिन्न विकल्पहरु लगायतका प्रावधान सहितको "नेपाल राष्ट्र बैंक, समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली" को मस्यौदा तयार गरी नेपाल राष्ट्र बैंकको सञ्चालक समितिमा पेश गरिएकोमा नेपाल राष्ट्र बैंकको सञ्चालक समितिको मिति २०७१।३।२६ को १८/२०७१ औं बैठकबाट समस्याग्रस्त बैंक तथा वित्तीय सस्था रिजोलुसन विनियमावली, २०७१ स्वीकृत भएको ।

समस्याग्रस्त बैंक तथा वित्तीय सस्था रिजोलुसन विनियमावली, २०७१ को विनियम १० मा देहाय बमोजिमको समस्याग्रस्त संस्था रिजोलुसन समितिको व्यवस्था भएको ।

क) सम्बन्धित डेपुटी गभर्नर - अध्यक्ष

ख) डेपुटी गभर्नर - सदस्य

ग) विभागीय प्रमूख, बैंक तथा वित्तीय संस्था नियमन विभाग - सदस्य

घ) प्रमुख, कानुन महाहशाखा - सदस्य

ङ) महाशाखा प्रमुख - सदस्य सचिव

यी अलावा तोकिएका अन्य सबै कार्य जिम्मेवारीहरु महाशाखाबाट सम्पन्न गरिएको ।

## ४. सस्थालाई समस्याग्रस्त घोषणा र फाईल हस्तान्तरण प्रकृयाः

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८४ अनुसार सम्बन्धित सुपरिवेक्षण विभागबाट तयार गरिएको सुपरिवेक्षण प्रतिवेदनमा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्वन्धी विनियमावली, २०६४ विनियम ३ (ङ) अनुसार इजाजत प्राप्त संस्थाको न्युनतम पूँजीकोष अनुपात भन्दा आठ प्रतिशत वा बढी बिन्दुले कम भएमाा बैंक/वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी ऐनको दफा ८६ अनुरुपको कारवाही प्रारम्भ गर्ने व्यवस्था अनुसार त्यस प्रकारका बैंक तथा वित्तीय सस्थाहरुलाई ऐन बमोजिम बैंकबाट संस्था सुधार वा निकासको लागि बैंक र सम्वन्धित संस्थाका पदाधिकारीहरुवाट अवलम्वन गरिएका विभिन्न सुधारात्मक, उपचारात्मक तथा अन्य प्रकारका उपाय, विधि, प्रकृया वा क्रियाकलापहरुको अनुगमन, समीक्षा गर्ने र गर्न लगाउने जिम्मेवारी समस्याग्रस्त बैंक तथा वित्तीय सस्था विनियमावली, २०७१ ले समस्याग्रस्त सस्था रिजोलुसन महाशाखालाई दिएको छ । महाशाखाको कार्य व्यवस्थित गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंकको सञ्चालक समितिबाट मिति २०७१।३।२६ मा समस्याग्रस्त बैंक तथा वित्तीय सस्था रिजोलुसन विनियमावली, २०७१ स्वीकृत गरिएको छ । उक्त विनियमावलीको विनियम ३ अनुसार समस्याग्रस्त घोषणा गरिएका बैंक वा वित्तीय संस्थासंग सम्वन्धित विवरण, फाइल र अन्य आवश्यक कागजात सम्वन्धित सुपरिवेक्षण विभागले महाशाखामा पठाउनु पर्ने र यसरी सम्वन्धित सुपरिवेक्षण विभागबाट फाइल/विवरण प्राप्त भए पछि समस्याग्रस्त सस्था  रिजोलुसन महाशाखाले सो सम्वन्धी कार्य अगाडि बढाउने गर्दछ । समस्याग्रस्त संस्थाको रिजोलुसनको सिलसिलामा संस्थाका पदाधिकारीको काम कारवाहीले संस्थाको खर्च बढ्ने, सुधार प्रकृया ढिलो हुने वा जोखिम बढ्ने देखिएमा जोखिमको स्तर अनुसार प्रचलित कानून र अन्तराष्ट्रिय प्रचलनका आधारमा संस्थालाई कुनै काम गर्न वा नगर्न वा तत्काल कुनै थप कार्य सम्पादन गर्न महाशाखाले आवश्यकतानुसार लिखित वा मौखिक निर्देशन दिने व्यवस्था गरेकोछ । साथै, समस्याग्रस्त संस्थाहरुको सुधार/ रिजोलुसन कार्य सम्पन्न भई आगामी दिनमा बैंक वा वित्तीय संस्था व्यवस्थित र सूचारु तवरले संचालन हुन सक्ने अवस्था देखिएमा समस्याग्रस्त संस्था रिजोलुसन समितिको निर्णय बमोजिम महाशाखाले संस्थाको विवरण तथा कागजात सम्वन्धित सुपरिवेक्षण विभागमा फिर्ता गर्ने व्यवस्था गरेकोछ ।

## ५. रिजोलुसन कार्यको आवश्यकताः

बैक तथा वित्तीय सस्थाहरुको सख्यात्मक वृद्धि, कारोवारको परिमाण, नयां उपकरणहरुको प्रयोग, आकार प्रकारमा बृद्धि हुंदै जांदा समस्या तथा चुनौतीहरु समेत थपिदै गईरहेको सर्न्दभमा यस बैंकबाट समस्याग्रस्त घोषणा गरिएका बैक तथा वित्तीय सस्थाहरुलाई उपयुक्त रिजोलुसनको प्रकृया अघि बढाउन बैंकभित्र छुटै महाशाखाको गठन गरिएको हो । यस महाशाखाको गठनबाट निम्नानुसारका कार्यहरु गर्न सहजता पुग्ने अपेक्षा गरिएको छ :

क) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको शीघ्र, प्रभावकारी एवं कुशल रुपमा समस्या समाधान गर्न ।

ख) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुमा विद्यमान समस्याहरुको अवस्था एवं कार्यको गाम्भीर्यता विश्लेषण गरी त्यस्ता संस्थालाई सुधारात्मक वा उपचारात्मक उपायको अवलम्वन, व्यवस्थापन नियन्त्रण, खारेजी आदि प्रकृयामा लैजानका लागि निर्क्यौल गर्न ।

ग) समस्याग्रस्त बैंक तथा  वित्तीय संस्थाहरुलाई खारेज गरी फरफारक प्रकृयामा लैजाने अवस्था आएको खण्डमा साना निक्षेपकर्ताहरुको हित संरक्षण गर्न ।

घ) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको समस्याहरुको शीघ्र, प्रभावकारी एवं कुशल समाधान गर्ने क्रममा आवश्यक परेको खण्डमा विभागीय संरचनालाई परिवर्तन गरी विभिन्न ईकाईहरुको कार्य थप स्पष्ट गर्न ।

ङ) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुको समस्याहरुको शीघ्र, प्रभावकारी एवं कुशल समाधान गर्ने क्रममा विशेष प्रशासन समूहको काम, कर्तव्य, सेवाको शर्त तथा सुविधाहरु निर्धारण गर्न ।

च) समस्याग्रस्त बैंकहरुको समुचित व्यवस्थापनको लागि आवश्यक जनशक्ति, संरचनागत, कानूनी, नीतिगत तथा प्रक्रियागत व्यवस्थाहरु यथासमयमा पहिचान गरी सो को आवश्यक पूर्वाधार तयार गर्न ।

छ) कमजोर बैंक तथा वित्तीय संस्थाहरुले वित्तीय प्रणाली तथा समग्र आर्थिक प्रणालीमा पार्न सक्ने नकारात्मक असरलाई न्यून गरी वित्तीय स्थायित्व कायम गर्न ।

ज) विद्यमान व्यवस्था अन्तर्गत समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाहरुलाई सुधारात्मक तथा उपचारात्मक प्रकृयामा लैजाँदा देखिएका अव्यवहारिक पक्षहरुलाई व्यवस्थित गर्न ।

## ६. रिजोलुसन प्रकृया

समस्याग्रस्त बैंक वा वित्तीय संस्थाको शिघ्र तथा प्रभावकारी रिजोलुसनका लागि प्रचलित नेपाल कानूनहरू (नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कम्पनी ऐन २०६३ आदि), नेपाल राष्ट्र बैङ्कद्वारा जारी निर्देशन/मार्ग निर्देशनहरु, नेपाल राष्ट्र बैङ्क निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७०, स्थलगत निरीक्षण/गैर स्थलगत सुपरिवेक्षणका सन्दर्भमा दिइएका निर्देशनहरु, सुपरिवेक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा स्थापित प्रचलन तथा अभ्यास र "समस्याग्रस्त बैंक तथा वित्तीय संस्था रिजोलुसन विनियमावली, २०७१" बमोजिम महाशाखाले देहाय बमोजिमका प्रकृयाहरु अवलम्बन गर्ने गरेको छ :-

(क) संस्थाको वास्तविक अवस्थाको जानकारी लिनेः

(ख) संस्था सुधार योजना पेश गर्न लगाउनेः

(ग) व्यवस्थापनमा सुधार गर्ने / गराउनेः

(घ) व्यवस्थापन परिवर्तन वा सुधार गर्ने/व्यवस्थापन समूहको नियुक्ति गर्ने :

(ङ) कारोवार रोक्का गर्ने वा प्रतिवन्ध लगाउने :

(च) संस्थाको सम्पत्ति तथा दायित्व विक्री गर्न वा रोक्का गर्न लगाउने :

(छ) गाभ्न वा गाभिन वा प्राप्तिको लागि निर्देशन दिने :

(ज) संस्थाको सम्पत्ति विभाजन गरी विक्री वितरण गर्न लगाउने :

(झ) ब्रिज बैंक (पुल संस्था) सम्बन्धी व्यवस्था :

(ञ) वित्तीय प्रणालीको लागि महत्वपूर्ण संस्था सम्वन्धमा विशेष व्यवस्था :

(ट) अन्य सुधारात्मक उपायहरुको अवलम्वन गर्ने :

## ७. समस्याग्रस्त संस्थाहरुको बर्तमान अवस्थाः

७.१) पूँजी पर्याप्तताको अवस्था

जोखिमभारित सम्पत्तिको अनुपातमा पूंजीको गणना गर्ने सूचकहरुको आधारमा समस्याग्रस्त वित्तीय सस्थाहरुको पूंजी पर्याप्तता पुग्न सकेको छैन । समस्याग्रस्त १३ वटा सस्थाहरुको हालको कुल चुक्ता पुँजी रु. ४ अर्व ५७ करोड रहेको छ । समस्याग्रस्त अवस्थामा रहेका ४ वटा सस्थाहरुको मात्र पूजी पर्याप्तता प्रतिशत धनात्मक रहेको छ भने बाँकी ९ वटा सस्थाको ऋणात्मक रहेको छ ( विस्तृत विवरण अनुसूची २ मा) । समस्याग्रस्त सस्थाहरुले पूंजी परिचालन गर्ने विभिन्न योजनाहरु पेश गरेको भएतापनि हालसम्म ठोस प्रगति भएको नपाइएको । साथै, गोर्खा डेभलपमेण्ट बैंक नेपाल लि. र काठमाडौ फाइनान्स लि. बीचको मर्जर प्रकृया अगाडि बढिरहेको छ । अरुण फाइनान्स लि. र ललितपुर फाइनान्स लि.मा नयाँ लगानीकर्ताहरुले पूंजी लगानीको प्रस्ताव गरेका छन् । २०७२ असार मसान्तमा संस्थाहरुको समग्र पूंजीकोष १४ प्रतिशतले ऋणात्मक रहेको देखिन्छ ।

७.२) सम्पत्तिको गुणस्तर

समस्याग्रस्त सस्थाहरुको सुरक्षण/सम्पत्तिको रुपमा रहेका कर्जाको अधिकांश धितो सम्पत्तिहरु कमसल र बजारयोग्य नभएको पाइएको छ । हाल सबै सस्थाहरुले प्रवाह गरेका कर्जाहरुको भाखा नाघिसकेको र कर्जाको अधिकांस धितोको रुपमा घर जग्गाहरु रहेको पाईयो । भाखा नाघि असुल उपर गर्नु पर्ने सबै जसो कर्जाहरुमा राखिएको धितो कमजोर रहेको तर धितोको मुल्यांकन प्रचलित बजारमुल्य भन्दा अधिक गरिएको, त्यस्ता धितोहरु ग्रामीण क्षेत्रका खेतवारी तथा भिरालो जग्गाहरु समेत रहेको, कतिपय धितो रहेका जमिनहरु चलन चल्तिको सडक मार्गबाट टाढा तथा भित्र रहेकोले बजारयोग्य नहुने देखिएको र कतिपय धितोहरु यकिन गर्न समेत नसकिने अवस्थामा रहेको । यसै कारणले संस्थाका ठुला कर्जाहरु असुलीका लागि विभिन्न प्रयासहरु गरेको भए तापनि धितो बिक्री गर्न कठिनाई भईरहेको देखिन्छ । अधिकाशं सस्थाहरुको खराव कर्जाको मात्रा न्यूनतम मापदण्डभन्दा धेरै नै उच्च रहेको र कतिपय सस्थाहरुको शतप्रतिशत कर्जा खराव अवस्थामा रहेको छ । औषतमा हेर्दा समस्याग्रस्त सस्थाको खराव कर्जाको अंश ८८ प्रतिशतभन्दा माथि रहेको छ ।

७.३) व्यवस्थापन

समस्याग्रस्त वित्तीय सस्थाहरुमध्ये गोर्खा डेभलपमेण्ट बैंक नेपाल लि. र नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लि. को व्यवस्थापनको लागि नेपाल राष्ट्र बैंकबाट व्यवस्थापन समूह नियुक्त गरी हालसम्म कार्यरत रहेका छन् । कतिपय सस्थाहरुमा सञ्चालक समिति नरहेको तथा कतिपयमा समितिले पूर्णता नपाएको अवस्था रहेको छ । ललितपुर फाइनान्स लि., अरुण फाइनान्स लि., कर्पोरेट डेभलपमेण्ट बैंकमा साविककै प्रमुख कार्यकारी अधिकृत कार्यरत रहेका, नारायणी डेभलपमेंन्ट बैंक लि., क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि., वर्ल्ड मर्चेन्ट एण्ड फाइनान्स लि., र जनरल फाइनान्स लि. मा समस्याग्रस्त संस्था घोषणा भए पश्चात नियुक्त प्रमुख कार्यकारी अधिकृत कार्यरत रहेको र अन्य सस्थाहरुमा कायम मुकायम प्रमुख कार्यकारी अधिकृतबाट व्यवस्थापन सञ्चालन गरिएको छ । हाल हिमालय फाइनान्स लि. र नेपाल फाइनान्स लि. मा संचालक समिति रिक्त रहेको छ । समस्याग्रस्त १३ वटा सस्थाहरुमा कार्यरत कर्मचारीहरुको सख्या ३०२ जना रहेको छ । समस्याग्रस्त घोषणा पश्चात दक्ष कर्मचारीहरु पलायन हुने अवस्था रहेकोले अधिकांस सस्थामा आवश्यकता भन्दा धेरै र अदक्ष कर्मचारीहरु कार्यरत रहेको देखिन्छ ।


७.४) तरलता

अधिकांश समस्याग्रस्त सस्थाहरुको तरलताको स्थिती सन्तोषजनक नरहेको । अधिकांस संस्थाहरुले व्यक्तिगत निक्षेपकर्ताहरुको निक्षेपको अधिकाशं हिस्सा फिर्ता गरेको भए तापति सस्थागत निक्षेपकर्ताको निक्षेप रकम फिर्ता हुन सकेको छैन । केहि सस्थाहरुले व्यक्तिगत निक्षेप समेत फिर्ता समेत गर्न सकेका छैनन् । सस्थाहरुको कुल निक्षेपको तुलनामा तरलतायोग्य सम्पत्तिको अनुपात १९ प्रतिशत रहेको छ । यसर्थ सस्थाहरुसंग निक्षेपकर्ताहरुको निक्षेप फिर्ता गर्न खराव कर्जा असुलीमा भर पर्नु पर्ने अवस्था देखिएको छ ।


७.५) कर्जा असुली तथा निक्षेप फिर्ताको अवस्थाः

समस्याग्रस्त हुँदाको अवस्थामा सस्थाहरुको कुल कर्जा सापटी रकम रु.१९ अर्व ९ करोड रहेकोमा २०७२ आषाढ मसान्तसम्ममा रु.८ अर्व ४७ करोडमा झरेको देखिन्छ । साथै, समस्याग्रस्त घोषणा हुँदाको अवस्थामा सस्थाहरुको कुल निक्षेप दायित्व रकम रु. १५ अर्व ९० करोड रहेकोमा २०७२ आषाढ मसान्तसम्ममा रु. ६ अर्व ५४ करोडमा झरेको देखिन्छ । समस्याग्रस्त सस्थाहरुको कर्जा असूली गरी ठुलो मात्रामा व्यक्तिगत निक्षेपकर्ताहरुको निक्षेप फिर्ता भएको देखिन्छ । यद्यपि खराव कर्जाको मात्रा ८८ प्रतिशत भन्दा धेरै भएकोले बाँकी निक्षेपकर्ताहरुको निक्षेप फिर्ता गर्ने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ ।

क) समस्याग्रस्त हुनु पूर्व सस्थाहरुको कुल कर्जा तथा निक्षेपको अवस्थाः (रु.हजारमा)



ख) संस्थाहरुको २०७२ असार मसान्तको कुल कर्जा तथा निक्षेपको अवस्थाः (रु.हजारमा)




(विस्तृत विवरण अनुसूची -२ मा समावेश गरिएको ।)

७.५) विविधः

समस्याग्रस्त सस्थाहरुमा धिताको रुपमा रहेको सम्पत्तिको बजारीकरणमा समस्या, ऋणीहरुबाट व्याज मिनाहामा पर्ने अधिक दवाव, सस्थाहरुको आम्दानीको अवस्था कमजोर, कर्मचारीहरुमा व्यवसायिक बैकिङ्ग सम्वन्धी क्षमताको अभाव रहेको तथा पर्याप्त कानूनी प्रकृयाहरु पुरा नगरी कर्जा पवाह भएको कारण समस्याग्रस्त सस्थाहरुबाट प्रवाह भएको कर्जाहरुको असूलीमा उल्लेख्य नकारात्मक प्रभाव परेको देखिएको छ । अधिकांस संस्थाहरुमा संचालक समिति निष्क्रिय रहेको, आपसमा खिचातानी र विवाद रहेको तथा संस्थामा दक्ष कर्मचारीको अभावले गर्दा खराव कर्जा असूली कार्यमा अपेक्षित सफलता हासिल हुन सकेको देखिदैन ।

## ८. विशेष स्थलगत निरीक्षण

समस्याग्रस्त सस्थाहरुको समग्र वित्तीय स्थिति लगायत प्रचलित ऐन, नियम, नीति तथा यस बैङ्कबाट समय समयमा जारी गरिएका निर्देशनहरूको पालना स्थितिको सम्बन्धमा स्थलगत निरीक्षणबाट मूल्याङ्कन गर्ने गरिन्छ । स्थलगत निरीक्षणको लागि आवश्यक पूर्वाधार तथा कागजातहरु तयार गर्न सम्बन्धित संस्थालाई स्थलगत निरीक्षणमा जानु भन्दा सामान्यतः एक हप्ता अगावै सूचना गरिन्छ । स्थलगत निरीक्षण अन्तर्गत छनौटको आधारमा संस्थाका शाखाहरू तथा संस्थाले लगानी गरेका परियोजनाहरू समेत निरीक्षण गरिन्छ । साथै, सम्वन्धित संस्थाको जोखिम पक्षहरुलाई समेत मध्यनजर गरी निरीक्षण कार्य सम्पन्न गर्ने गरिएको छ । समस्याग्रस्त सस्थाहरुको कामकारवाहीबाट निक्षेपकर्ता एवं लगानीकर्ताहरुको हित संरक्षण भए/नभएको सुनिश्चित गर्न स्थलगत निरीक्षण प्रतिवेदनबाट विस्तृत जानकारी हासिल हुन सक्दछ । यस प्रकारको स्थलगत निरीक्षण प्रत्येक आर्थिक वर्षमा प्रत्येक संस्थामा एक पटक गर्ने गरिएको छ । अघिल्ला निरीक्षण/सुपरिवेक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरु सुधार गर्न दिईएका निर्देशनहरुको कार्यान्वयन तथा समस्याग्रस्त घोषणा गर्दा सुधारका लागि दिइएका निर्देशनहरुको कार्य प्रगतिको अनुगमन समेत गर्ने गरिन्छ । समस्याग्रस्त सस्थाहरुको स्थलगत निरीक्षणभित्र सामान्यतया देहायका विषयवस्तुहरू समावेश गर्ने गरिएको छः-

(क) पूंजी योजना तथा पूंजीकोष पर्याप्तता तथा सुधारका नँया योजनाहरु तयार गरे/नगरेको

(ख) व्यवसायिक कार्य योजना तय गरे/नगरेको

(ग) कर्जा प्रशासन, नीति, निर्देशिका, सम्पतिको गुणस्तर तथा कर्जा जोखिम व्यवस्थापन,
(घ) कोष एवं सम्पत्ति तथा दायित्व व्यवस्थापन,
(ङ) वासलात वाहिरका कारोवारहरूको स्थिति,
(च) सञ्चालक समितिको गठन र बैठकका छलफल तथा निर्णयहरु,
(छ) व्यवस्थापन सूचना प्रणाली, अभिलेख प्रणाली र सुरक्षा,
(ज) मानव संशाधन व्यवस्थापन,
(झ) आन्तरिक नियन्त्रण प्रणाली,
(ञ) तरलता, बजार तथा सञ्चालन जोखिम व्यवस्थापन,
(ट) प्रचलित कानुन तथा यस बैंकबाट जारी गरिएका नियमन, निर्देशन तथा परिपत्रको परिपालनाको अवस्था ।
(ठ) समग्र जोखिम व्यवस्थापन,
(ड) सम्वन्धित वित्तीय संस्थाहरुले तयार गरी कार्यान्वयनमा ल्याएका नीति, म्यानुअल, गाईड लाईन आदिको विवरण र सोको अध्यावधिक अवस्था,
(ढ) सम्पत्ति शुद्धीकरण निवारण कानून र सो को निर्देशन कार्यान्वयन सम्वन्धी, र
(ण) समस्याग्रस्त घोषणा गर्दाको अवस्थामा दिईएका निर्देशनहरुको कार्यप्रगति,
(त) समस्याग्रस्त संस्थाका प्रमुख कार्यकारी अधिकृतको म्याद थप गर्न स्वीकृति प्रदान गर्दा दिईएका निर्देशनहरुको कार्यान्वयन स्थितिको विश्लेषण,
(थ) महाशाखाले तोकेका तथा आवश्यक ठानेको अन्य विषय तथा क्षेत्रहरु ।

आर्थिक वर्ष २०७१।७२ मा देहायका ५ वटा वित्त कम्पनीहरु र २ वटा विकास बैंकको विशेष निरीक्षण कार्य सम्पन्न गरिएको छ :

| क्र.सं. | समस्याग्रस्त सस्थाको नाम | देखि | सम्म |
|---|---|---|---|
| १. | जनरल फाइनान्स लिमिटेड | २०७१/८/१६ | २०७१/८/१९ |
| २. | नारायणी डेभलपमेंन्ट बैंक लिमिटेड | २०७१/०९/०६ | २०७१/०९/१० |
| ३. | गोर्खा डेभलपण्ट बैंक नेपाल लि. | २०७१/१०/१८ | २०७१/१०/१८ |
| ४. | वर्ल्ड मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड | २०७१/१०/२० | २०७१/१०/२३ |
| ५. | कुबेर मर्चेण्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड | २०७१/१२/०२ | २०७१/१२/०५ |
| ६. | ललितपुर फाइनान्स लिमिटेड | २०७२/०२/२० | २०७२/०२/२१ |
| ७. | क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेड | २०७२/०३/०८ | २०७२/०३/११ |

स्थलगत निरीक्षणको क्रममा देखिएका कैफियतहरु उपर बैंकबाट निम्नानुसारका विभिन्न निर्देशनहरु दिएको छ :

**८.१ जनरल फाइनान्स लि.लाई दिइएका मुख्य निर्देशनहरु :**

(क) संस्थाबाट श्री विजया शाहलाई प्रवाह भएको कर्जा मिति २०७१।६।३१ मा बाँकी साँवा रु. ५० लाख, व्याज रु.४८ लाख १९ हजार तथा हर्जाना रु. १२ लाख ३३ हजार समेत गरी जम्मा रु. १ करोड १० लाख ५२ हजार अपलेखन गरिएकोमा उपरोक्त कर्जा प्रवाह गर्दा मूल्याकंनकर्ताले मूल्याकंन गरेको धितो र रोक्का रहेको धितो फरक रहेको । अपलेखन गरिए पश्चात उक्त कर्जाको वास्तविक धितो खोजविन गरी गैर बैकिङ सम्पत्तिमा सकार गर्ने, धितो लिलाम गर्ने, ऋणीलाई ताकेता गरी कारवाही गर्ने तथा उक्त कर्जा स्वीकृत गर्ने पदाधिकारी तथा मूल्यांकनकर्तालाई कारवाही गर्ने तर्फ आवश्यक कदम चाल्न हुन ।

(ख) ऋणी श्री अकलदेवी खड्गिनीलाई कर्जा प्रवाह गर्ने क्रममा लिइएको धितो संस्थाको नाममा नआईसकेको अवस्थामा उक्त सम्पत्तिलाई गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गरेको देखिएकोले उक्त धितो संस्थाको नाममा ल्याउन हुन तथा श्री प्रज्वलनारायण श्रेष्ठलाई प्रवाह भएको हायर पर्चेज कर्जाको धितो स्वरुप रहेको सवारी साधन पत्ता लगाई लिलाम बिक्री गर्न हुन ।

(ग) संस्था सुधार, मर्जर तथा एक्विजिसन गरी निकासको प्रकृया अगाडि बढाउने सम्बन्धमा संचालक समितिमा आवश्यक छलफल गर्ने तथा आवश्यक निर्णय लिनु हुन ।

(घ) संस्थाको आन्तरिक नियन्त्रण प्रणाली सबल पार्न आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नु हुन ।

(ङ) आ.व.२०६८/६९ र २०६९/७० को अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी साधारण सभा गर्नु हुन ।

(च) संस्थाको कानूनी सल्लाहकार श्री जगदीश घिमिरेको नियमितरुपमा मासिक पारिश्रमिक पाउने गरी पदावधि थप गर्ने निर्णय गरिएकोमा यस बैंकको स्वीकृति लिनु हुन ।

(छ) संस्थाका विरुद्ध काठमाडौं जिल्ला अदालतमा श्री प्रचण्ड लामाको कर्जाका विषयमा गायत्री प्रधान तथा खिमबहादुर गुरुङ समेतले दायर गरेको ८ थान लिखत बदर तथा जालसाजी मुद्दामा संस्थाको तर्फबाट अधिवक्ता प्रकाशबहादुर के.सीले बहस पैरवी गरी मुद्दा जितेको हुँदा प्रति मुद्दा रु.५,०००।०० का दरले मिति २०७१।६।१२ मा निजलाई रु.४० हजार भुक्तानी दिइएकोमा सोही ८ वटा फैसलाहरुको छविचित्र संलग्न गरी संस्थाका कानूनी सल्लाहकार श्री जगदीश घिमिरेलाई समेत मिति २०७१।६।१२ मा रु.४० हजार भुक्तानी दिइएको हुँदा दोहोरो भुक्तानी देखिएको रकम निजबाट असुल गरी जम्मा गर्नु हुन ।

## ८.२. कुबेर मर्चेण्ट फाइनान्स लिमिटेडलाई दिइएका निर्देशनहरु :

(क) संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिइएका निर्देशनहरु पालना गर्ने सम्वन्धमा कार्य योजना बनाई पेश गर्नु हुन । साथै, संस्थाको वित्तीय अवस्था सुधार/निकाशको लागि नयाँ लगानीकर्ता प्रवेश गराउने, खराव कर्जा असुल गर्ने वा पुँजी थप/लगानी गर्ने व्यवस्था सहितको ठोस योजना अविलम्व पेश गर्नु हुन ।

(ख) यस बैंकको निर्देशन बमोजिम समस्याग्रस्त संस्थामा रहेको मौज्दात/निक्षेप रकममा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु हुन । साथै, मासिक विवरणमा गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लिमिटेडमा रहेको निक्षेपलाई समस्याग्रस्त संस्थामा रहेको निक्षेप अन्तरगत राखी पठाउन ।

(ग) ऋणी श्री शनिस मिश्रलाई प्रवाह गरिएको कर्जाको सम्पूर्ण साँवा/ब्याज असुल नगरी धितो फुकुवाको निर्णय गर्ने पदाधिकारीहरुलाई कानून बमोजिम कारवाही गरी बाँकी रकम अबिलम्ब असुल गर्नु हुन र बांकी रकम निजबाट असूल हुंन नसेकेमा धितो फुकुवा गर्ने पदाधिकारीहरुबाट उक्त रकम असूल गर्ने व्यवस्था मिलाउनु हुन ।

(घ) संस्थाका तत्कालिन संचालक श्री सुधिर बस्नेत तथा श्री राजेश श्रेष्ठले अन्य विभिन्न व्यक्तिका नामबाट लिइएका कर्जाहरु क्रमशः करिव रु.१४ करोड ४६ लाख तथा रु. ५ करोड ३ लाख असुल गर्ने कार्य तालिका बनाई अविलम्व असुली प्रकृया अघि बढाउनु हुन ।

(ङ) संस्थाका पूर्व महाप्रवन्धक श्री राजकुमार श्रेष्ठ सम्बद्ध समृद्धि इन्टरनेशनल प्रा.लि. लाई प्रवाह गरेको कर्जा असुल गरी जानकारी दिनु हुन ।

(च) संस्था समस्याग्रस्त हुनु अघि श्री हरिवावु जोशीबाट रु. २६ लाखको चेक खरिद गरेकोमा उक्त रकम असुल उपर गर्नु हुन ।

(छ) यस बैंकको निर्देशन बमोजिम कर्जा वर्गीकरण तथा नोक्सनी व्यवस्था गर्नु हुन ।

(ज) संस्थाको लगानीमा रहेको रु.५ लाख के वापतको लगानी भएको हो ? सो सम्वन्धमा स्पष्ट जानकारी दिनु हुन ।

(झ) संस्थाको सण्ड्री डेटर्स र सण्ड्री क्रेडिटर्समा क्रमश रु. २० लाख ७५ हजार र ५४ लाख ३४ हजार रहेकोमा सो रकम कसबाट असुल गर्नु पर्ने र कसलाई भुक्तानी दिनु पर्ने भन्ने बारेमा अद्यावधिक विवरण तयार गरी उक्त रकम असुल/भुक्तानी गरी हिसाव राफसाफ गर्नु हुन ।

(ञ) यस बैंकको निर्देशन विपरित कानूनी सल्लाहकारमा श्री मदनकुमार डंगोललाई तलब सुविधा र अन्य खर्च गरी मासिक रु. १५,५००।०० दिने गरी पुनः १ वर्षका लागि थप गरिएकोमा सोको समर्थन लिन हुन । साथै अब उप्रान्त यस बैंकको निर्देशन विपरित हुने गरी सल्लाहकार नियुक्त नगर्नु हुन ।

(ट) संस्थाको लेखापरीक्षण गराई आर्थिक वर्ष २०६६/६७ पश्चात गर्न बाँकी रहेका वार्षिक साधारण सम्पन्न गर्न । जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु हुन ।

(ठ) पूर्व प्रमुख कार्यकारी अधिकृत श्री कमलप्रसाद सुवेदीले विना उद्देश्य पेश्की वापत लिएको रु. २ लाख ४९ हजार र दशै खर्च वापत भनी श्री सुनिता कर्मचार्यको नाममा पेश्की वापत लिएको रु. १ लाख समेत निजले प्रयोग गरेको भनी निरीक्षणको क्रममा जानकारी गराएको हुँदा उक्त पेश्की रकम निजसंग अविलम्ब असुल गरी जानकारी दिनु हुन । साथै, निज सुवेदीले संस्थाको सवारी साधनमा क्षति पुऱ्याएको भन्ने बुझिन आएकोले सोको मर्मत सम्भार गर्न लाग्ने रकम एकीन गरी निजबाट अविलम्व असूल उपर गराउनु हुन ।

(ड) संस्थाका पूर्व महाप्रवन्धक राजकुमार श्रेष्ठलाई उद्देश्य नखुलाई लिएको रकम रु. ४ लाख ६० हजार निजसंग अविलम्ब असुल गरी जानकारी दिन हुन ।

(ढ) बैंक समस्याग्रस्त संस्था घोषणा भए पश्चात संस्थाका बन्द गरिएका शाखाहरुका काम नलाग्ने सामानहरु तथा संस्थाको केन्द्रीय कार्यालयमा प्रयोगमा नरहेका कतिपय सामानहरु नियमानुसार लिलाम विक्री गर्नु हुन ।

(ण) वर्तमान अवस्थामा उपत्यका बाहिर उदयपुर जिल्लाको गाईघाट र झापा जिल्लाको विर्तामोडमा रहेका शाखाहरुमा उल्लेखनीय कारोवार नरहेको देखिएकोले संस्थाको संचालन खर्च कटौतीको दृष्टिकोणले उक्त शाखाहरु बन्द गर्न आवश्यक प्रक्रिया अगाडि बढाउनु हुन ।

(त) बैंकमा हाल कार्यरत कर्मचारी संख्यालाई बैंकको कार्यबोझ तथा कारोबारको अवस्था तथा आम्दानीसंग तुलना गर्दा कर्मचारी संख्या अधिक रहेको र उत्पादकत्व कम रहेको देखिएको हुंदा संस्थाले अत्यावश्यक कर्मचारी संख्यामात्र रहने गरी अधिक कर्मचारी कटौती गरी खर्चमा मितव्ययिता अपनाउनु हुन । साथै, संस्थाको केन्द्रीय कार्यालय रहेको भवनको घरभाडा वापत मासिक रु. १ लाख ११ हजार भुक्तानी गर्दै आएको र उक्त रकम समस्याग्रस्त संस्थाको खर्चको दृष्टिकोणबाट केही बढी देखिएकोले घरभाडा घटाउन आवश्यक पहल गर्नु हुन ।

## ८.३ श्री वर्ल्ड मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेडलाई दिइएका निर्देशनहरु :

(क) संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिइएका निर्देशनहरु पालना गर्ने सम्वन्धमा कार्य योजना बनाई पेश गर्नु हुन । साथै, संस्थाको वित्तीय अवस्था सुधार/निकाशको लागि नयाँ लगानीकर्ता प्रवेश गराउने, खराव कर्जा असुल गर्ने वा पुँजी थप/लगानी गर्ने व्यवस्था सहितको ठोस कायृ योजना पेश गर्नु हुन ।

(ख) संचालक समितिको निर्णय बमोजिम श्री अनुराग पहारी, व्लुमुन हार्डवेयर एण्ड सेनेटरी प्रा.लि., वंगलामुखी ट्रेडिङ्ग हाउस प्रा.लि., दिपेन्द्रराज भण्डारीको कर्जा असुल गर्ने प्रक्रियालाई अविलम्व अगाडि बढाउन ।

(ग) रु. १० लाखभन्दा माथिका कर्जा उठाउने कार्य तालिका बनाई कार्यान्वयन गर्न र सोको प्रगति विवरण मासिक रुपमा जानकारी गराउनु हुन ।

(घ) संस्थावाट कर्जा लिई समयमा कर्जा चुक्ता नगर्ने श्री लक्ष्मी बहादुर श्रेष्ठ, जय भगवती इन्टरप्राइजेज प्रा.लि., थापा इन्क्रा प्रा.लि., ओरेन्ज इन्टरनेशनल प्रा.लि., किरणकुमारी पोदार, जेन श्रेष्ठ, अनारदेवी श्रेष्ठ, अंशु पालिखे, सुरेन्द्रबहादुर थापा क्षेत्री, ललिता राई, रामकुमार थापा, अनुराग पहारी, दिपेन्द्र राजभण्डारी, विष्णुप्रसाद सापकोटा लगायतका कर्जा असुलीको लागि आवश्यक थप प्रक्रिया अगाडि बढाउनु हुन । साथै, प्रचलित कानून बमोजिम निजहरुलाई कालोसूचीमा समावेश गर्ने व्यवस्था मिलाउनु हुन ।

(ङ) यस बैंकको निर्देशन बमोजिम गैर-बैकिङ्ग सम्पत्तिमा शत प्रतिशत नोक्सानी व्यवस्था कायम गरी जानकारी दिनु हुन ।

(च) संस्थाले कर्जा असुल गर्ने सन्दर्भमा साधारण व्याज, पेनाल व्याज तथा हर्जना छुट प्रदान गर्ने गरेकोमा उक्त काम कारवाहीलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक नीति बनाई सोही नीतिको अधिनमा रही कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुन ।

(छ) विघटनको प्रक्रियामा रहेका तथा समस्याग्रस्त संस्थामा रहेको मौज्दात/निक्षेप रकममा यस बैंको निर्देशन बमोजिम शत प्रतिशत नोक्सानी व्यवस्था कायम गर्नु हुन ।

(ज) लेखापरीक्षण तथा जोखिम व्यवस्थापन समितिलाई प्रभावकारी बनाउनु हुन ।

(झ) संस्था समस्याग्रस्त घोषणा हुनु अगाडि मर्जर सम्वन्धी कार्यको लागि भनी डि.डि.ए. गर्न चार्टड एकाउन्टेन्ट श्री विजय घिमिरेलाई दिएको पेश्की रु.८० हजार निजबाट अविलम्व असुल उपर गर्नु हुन । साथै, संस्था समस्याग्रस्त घोषण भए पश्चात JBRH & CO. लाई डि.डि.ए. गर्न पेश्की रकम भुक्तानी गरी खर्च समेत लेखी सकेकोले उक्त डि.डि.ए.को प्रतिवेदन प्राप्त गरी जानकारी दिनु हुन ।

(ञ) संस्थाको आर्थिक वर्ष २०६७/६८ देखि आर्थिक वर्ष २०७०/७१ सम्मको लेखापरीक्षण गराई साधारण सभा सम्पन्न गर्नु हुन ।

(ट) संस्थाले मकवानपुर सेभिङ्ग एण्ड कोपरेटिभ लिमिटेडबाट लगानीमा लिनु पर्ने व्याज रु. ५७,५५,८३५।६२ अविलम्व असुल उपर गरी हिसाव राफसाफ गर्नु हुन ।

(ठ) संस्थाको बौद्ध शाखाको कारोबार पुतलीसडक शाखामा मर्ज गर्दा उक्त शाखामा प्रयोग भएका कतिपय सामानहरु उचित समयमा लिलाम बिक्री नगरी नयाँ वानेश्वरमा छुट्टै कोठा लिई मासिक रु. १८,०००।- घरभाडा तिरेको देखिएकोले ती अविलम्व सामानहरु लगायत प्रयोगमा नरहेका सामानहरु लिलाम बिक्री गर्ने व्यवस्था मिलाउनु हुन ।

(ड) संस्थाको बुटवल शाखामा ४ जना कर्मचारी कार्यरत रहेको, निक्षेप रु. ४ करोड ५१ लाख तथा कर्जा रु. २४ लाख मात्र बांकी रहेको र घरभाडा वापत मासिक करीव रु. ६०,०००।- खर्च भई रहेको वर्तमान अवस्थामा सो शाखा व्यवसायिक दृष्टिकोणले संभाव्य नरहेको हुंदा उक्त शाखाको कारोबार अन्य उपयुक्त बैंक वा वित्तीय संस्थालाई बिक्री गरी वा बैकल्पिक व्यवस्था गरी शाखा बन्द गर्ने प्रक्रिया अगाडि बढाउनु हुन ।

(ढ) संस्थामा हाल कार्यरत कर्मचारी संख्या बैंकको कार्यबोझ तथा कारोबारको अवस्था र आम्दानीसंग तुलना गर्दा कर्मचारी संख्या अधिक रहेको तथा उत्पादकत्व कम रहेको देखिएकोले संस्थाले अत्याबश्यक कर्मचारी संख्यामात्र रहने गरी अधिक कर्मचारी कटौती गरी खर्चमा मितव्ययिता अपनाउनु हुन ।

(ण) संस्था समस्याग्रस्त हुन अगाडि जनरल इस्योरेन्स कम्पनीको शेयरमा लगानी गर्न पेश्की वापत प्रदान भएको रु. ९ लाख अविलम्व असुल उपर गर्नु हुन ।

(त) संस्थाका पूर्व कर्मचारी श्री टोपजंग थापाको नाममा कर्मचारी सापटी अन्तरगत साँवा रु. ८,१८,९११।६० र व्याज वापत रु.३,७०,२९२।०१ वाँकी रहेको देखिएकोले उक्त रकम अविलम्व असुल उपर गर्नु हुन ।

**८.४ श्री नारायणी डेभलपमेंन्ट बैंक लिमिटेडलाई दिइएका निर्देशनहरु :**

(क) संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिइएका निर्देशनहरु पालना गर्ने सम्वन्धमा कार्य योजना बनाई पेश गर्नु हुन । साथै संस्थाको वित्तीय अवस्थामा सुधार गरी अन्य उपयुक्त बैंक वा वित्तीय संस्थासंग गाभ्ने, गाभिने वा प्राप्तिको प्रकृया अगाडि बढाउने, पूंजी बृद्धि गर्ने कार्य अघि बढाउनु हुन ।

(ख) तत्कालिन संचालक समितिका अध्यक्ष दिव्य कुमार श्रेष्ठसंग सम्बद्ध कर्जा असुली कार्य प्रभावकारी बनाई ती कर्जा असुली सम्वन्धमा भएको प्रगति विवरण यस बैंकलाई नियमित रुपमा उपलब्ध गराउनु हुन ।

(ग) वि.पी. मेमोरियल क्यान्सर अस्पतालका कर्मचारीलाई व्यक्तिगत जमानीमा मात्र प्रवाह गरिएको कर्जामा यस बैंकको निर्देशन बमोजिम थप नोक्सानी व्यवस्था गर्नु हुन ।

(घ) संस्थाले क्रिष्टल फाइनान्स लिमिटेडबाट खरिद (स्वाप) गरेका श्री सेबकराम चौधरी, सुनिल डिमडुङ्ग, रबि महर्जन र सुदिपकुमार श्रेष्ठका कर्जाहरु २०७० असार मसान्तसम्ममा असुली गर्ने भनी यस बैंकबाट स्वीकृति दिइएकोमा उक्त कर्जाहरु हालसम्म बक्यौता देखिएकोले अविलम्व असुल उपर गर्नु हुन ।

(ङ) यस बैंकको निर्देशन विपरित हुने गरी कर्जा नवीकरण नगर्नु हुन ।

(च) संस्थावाट कर्जा लिई समयमा कर्जा चुक्ता नगर्ने ऋणीहरु श्री शिवहरी पौडेल, हिरा महर्जन, सुमन बज्राचार्य, नबिनचन्द्र बज्राचार्य, कृष्णभक्त धुजु, गुन बहादुर थापा, ध्रुव थापा, नामुद सप्लायस (प्रो.रिता दुवाडी), प्रेम प्रसाद पराजुली, थमान सिंह कुमाल, साईबाबा काष्ठ उद्योग(प्रो.गुन बहादुर थापा), राजेन्द्र श्रेष्ठ, रामहरी रिसाल र तारा थापाको कर्जा असुलीको लागि अविलम्व थप प्रक्रिया अगाडि बढाउनु हुन ।

(छ) संस्थाको निक्षेपकर्ताको निक्षेप फिर्ता गर्ने कार्यको लागि उचित तरलता व्यवस्थापनको लागि पहल गर्नु हुन । साथै, समस्याग्रस्त संस्था क्रिष्टल फाईनान्स लिमिटेडमा रहेको निक्षेप उच्च जोखिममा रहेकोले सोको नोक्सानी व्यवस्था गर्नु हुन ।

(ज) संस्थाको संचालक समितिको कार्य प्रभावकारी बनाई संस्थाको हितको लागि उचित समयमा निर्णय लिने व्यवस्था मिलाउनु हुन ।

(झ) बैंकको कर्जा असुल उपर गर्ने सन्दर्भमा व्याज, हर्जना छुट सम्बन्धी काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक नीति बनाई लागु गर्नु हुन ।

(ञ) निक्षेप फिर्ताको कार्य योजना बनाई लागु गर्नु हुन । साथै, कार्यबोझका आधारमा अत्याबश्यक कर्मचारीहरुमात्र रहने व्यवस्था मिलाई अनावश्यक कर्मचारीहरु कटौती गर्नु हुन । कारोबारको अवस्थाका आधारमा शाखा मर्ज गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउनु हुन ।

(ट) आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समयमा नै कार्यान्वयनमा ल्याउन र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु हुन ।

(ठ) संस्थाको आ.व. २०६८/६९ देखि आ.व. २०७०/७१ सम्ममा ३ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई साधारण सभा सम्पन्न नभएकोमा आर्थिक वर्ष २०६८/६९ को लेखापरीक्षण गर्न श्री एम.बि. श्रेष्ठ एण्ड कम्पनीलाई नियुक्ति गरेका लेखापरीक्षकले पेश्की लिएको तर निरीक्षण अवधिसम्म लेखापरीक्षण प्रतिवेदन पेश नगरेकोले निजलाई कानून बमोजिम कारवाही गर्न र निजले लिएको पेश्की रकम असुल उपर गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउनु हुन ।

(ड) संस्थाका कम्पनी सचिव श्री गोविन्दकुमार श्रेष्ठले पदीय जिम्मेवारी वहन नगरेको, तलव सुविधा समेत काठमाण्डौमा नै प्राप्त गर्ने गरेको पाइएको र निजको कार्य आवश्यकताको पुष्टि हुन नसकेको सन्दर्भमा सोको उपयुक्त व्यवस्था मिलाउनु हुन ।

(ढ) अधिवक्ता श्री बालकृष्ण ढकाललाई कानूनी सल्लाहाकारमा नियुक्त गरेकोमा निज काठमाण्डौमा कानून व्यवसायमा संलग्न रहेको र बैंक समस्याग्रस्त अवस्थामा रहेको हालको परिस्थितिमा स्थानीय रुपमा आईपर्ने कानूनी बाधा विरोध सम्बन्धमा सरसल्लाह उपलव्ध गराउन, कानूनी उपचारको लागि विभिन्न निकायवाट लिनुपर्ने राय, बैंकको सम्पत्ति हिनामिना गर्ने विभिन्न व्यक्ति उपर मुद्धा चलाउनु पर्ने विषयहरु, बैंकको सम्पत्ति संरक्षण गर्ने लगायतका विषयमा निजको सक्रिय भूमिका नदेखिनुका साथै निज चितवन आउंदा जांदाको भाडा, खाने, बस्ने तथा अन्य खर्चसमेत बैंकले व्यहोरिरहेको देखिएको र निजको भूमिका प्रभावकारी नदेखिएकोले संस्थाको आवश्यकता अनुसार उपयुक्त स्थानीय व्यक्तिबाट कानूनी सल्लाहकार लिने व्यवस्था मिलाउनु हुन । साथै, लेखाविज्ञ लगायत अन्य सल्लाहकारको नाममा संस्थाबाट रकम भुक्तानी दिने कार्य अविलम्व बन्द गर्नु हुन ।

(ण) संस्थाका तत्कालीन अध्यक्ष श्री दिव्यकुमार श्रेष्ठले आवश्यकता पुष्टी नहुने गरी बैंक ढुकुटीवाट झिकेर हिनामिना गरी हाल सण्ड्री डेटर्समा रहेको **रु.७,४९,२८,३८३।१०** तथा सोको नियमानुसारले हुने व्याज रकम समेत असुल गर्न अविलम्व कानूनी कारवाही अघि बढाउनु हुन ।

(त) बैंकको यज्ञपुरी शाखाका प्रबन्धक श्री सुरेशप्रसाद लामिछानेले आफ्नो अधिकारको दुरुपयोग गरी बैंकको विभिन्न शाखावाट लामो समयदेखि विना उद्देश्य पेश्की शीर्षकवाट विभिन्न मितिमा **रु.१८,९४,०००।-** झिकेर हिनामिना गरेको रकम तथा सोको नियमानुसार हुने व्याज रकम समेत निजबाट असुल उपर गरी संस्थाको कर्मचारी विनियमावली अनुसार निजलाई कारवाही गरी जानकारी दिनु हुन ।

(थ) औचित्यपूर्ण नदेखिएको स्थानमा संचालन भईरहेको शाखाहरुको खर्च कटौती तथा कारोबारको अवस्था हेरी उपयुक्तताको आधारमा बैंकका शाखाहरु मर्ज गर्ने प्रक्रिया अविलम्ब अघि बढाउनु हुन ।

(द) बैंकमा हाल कार्यरत कर्मचारी संख्यालाई बैंकको कार्यबोझ, कारोबारको अवस्था तथा आम्दानीसंग तुलना गर्दा कर्मचारी संख्या अधिक रहेको र उत्पादकत्व कम रहेको देखिएकोले अत्यावश्यक कर्मचारीमात्र रहने व्यवस्था गरी अनाबश्यक कर्मचारी कटौती गरी खर्चमा मितव्ययिता ल्याउनु हुन ।

### ८.५ क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स  लिमिटेडलाई दिइएका निर्देशनहरु

(क) संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिइएका निर्देशनहरु पालना गर्ने सम्वन्धमा कार्य योजना बनाई पेश गर्नु हुन । साथै, उपयुक्त बैंक वा वित्तीय संस्थासंग गाभ्ने, गाभिने वा प्राप्तिको प्रकृया अगाडि बढाउने वा नयां लगानीकर्ता प्रवेश गराई पूंजी बृद्धि गर्न ठोस कार्य योजना बनाई पेश गर्नु हुन ।

(ख) समस्याग्रस्त कर्जाहरुको असूली कार्यलाई प्रभावकारीरुपमा अघि बढाउनु हुन ।

(ग) कुल कर्जाको ४४ प्रतिशत कर्जा प्रवाह भएका दश ठुला ऋणीहरु र धितो बाँकी नरहेका नौ वटा समस्याग्रस्त ऋणीहरुसंग बक्यौता कर्जा असुल गर्ने कार्य अघि बढाउन थप पहल गर्नु हुन ।

(घ) संस्थाको संचालक समितिलाई प्रभावकारी बनाई संस्थाको हितको लागि उचित समयमा निर्णय लिने व्यवस्था मिलाउनु हुन ।

(ङ.) बैंकले कर्जा असुल उपर गर्ने सन्दर्भमा व्याज, हर्जना छुट सम्बन्धी काम कारवाहीलाई व्यवस्थित गर्न आवश्यक नीति बनाई लागु गर्नु हुन ।

(च) हाल कार्यरत कर्मचारी संख्या बैंकको कार्यबोझ तथा कारोबारको अवस्था तथा आम्दानीसंग तुलना गर्दा अधिक रहेको र उत्पादकत्व कम रहेको देखिएकोले अत्यावश्यक कर्मचारीमात्र रहने व्यवस्था गरी अनाबश्यक कर्मचारी कटौती गरी खर्चमा मितव्ययिता अपनाउनु हुन ।

(छ) आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाई आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु हुन । साथै, संस्थाको कारोवारमा देखिएका जोखिमहरु न्यूनीकरण गर्ने व्यवस्था मिलाउनु हुन ।

## ९. गैर-स्थलगत सुपरिवेक्षण (Off-site Supervision)

समस्याग्रस्त संस्थाहरुबाट वित्तीय विवरण, अन्य तथ्याङ्क एवं सूचना माग गरी तयार गरिएको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनबाट वित्तीय संस्था सञ्चालनको अवस्थाबारे जानकारी प्राप्त गरिन्छ । गैरस्थलगत सुपरिवेक्षण प्रतिवेदनले पूर्व चेतावनी सङ्केत (Early Warning Signal) प्रदान गर्ने हुनाले सम्बन्धित संस्थालाई यथासमयमै सुधारात्मक उपायहरू अपनाउन निर्देशन दिन सहयोग पुऱ्याउँदछ । नेपाल राष्ट्र बैङ्क, निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७० लागू भएपछि गैरस्थलगत सुपरिवेक्षण कार्यलाई अझ सुदृढ गरिएको छ । तर केही संस्थाहरुबाट नियमितरुपमा विवरण तथा प्रतिवेदन प्राप्त नहुने समस्यामा सुधार ल्याउन सकिएको छैन् । आर्थिक बर्ष २०७१/७२ मा यस महाशाखाको सुपरिवेक्षकीय दायरामा रहेका सस्थाहरुको वित्तीय विश्लेषण तथा गैरस्थलगत सुपरिवेक्षणबाट देखिएका कमी कमजोरीहरूलाई सुधार गर्न आवश्यक निर्देशन दिनुका साथै सोको पालना सम्बन्धमा अनुगमन गरिएको छ ।

### ९.१ समस्याग्रस्त सस्थाहरुको वित्तीय विश्लेषण

आर्थिक वर्ष २०७१।७२ को अन्त्यसम्ममा समस्याग्रस्त घोषणा गरिएका विकास बैंक ३ वटा र फाइनान्स कम्पनीहरु १० वटा गरी कुल १३ वटा सस्थाहरु सम्वन्धी कार्य यस महाशाखाबाट सम्पादन हुँदै आएको । समस्याग्रस्त घोषणा हुँदाको प्रारम्भिक अवस्थामा उक्त १३ वटा सस्थाहरुको कुल निक्षेप रकम रु. १५ अर्ब ८५ करोड र कुल कर्जा रकम रु.१९ अर्ब १२ करोड रहेकोमा २०७२ आषाढ मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार क्रमश: कुल निक्षेप रकम रु. ६ अर्ब ५४ करोड र कुल कर्जा रकम रु. ८ अर्ब ४७ करोड रहेको । समस्याग्रस्त सस्थाहरुको २०७२ आषाढ मसान्तको एकीकृत वित्तीय परिसूचकहरु (Consolidated Financial Indicators) निम्नानुसार रहेको छ ।

| क्र.स. | परिसूचकहरु | रकम (रु.हजारमा) |
|---|---|---|
| १ | कुल कर्जा | ८४,७४,५५५ |
| २ | कुल निक्षेप | ६५,४१,६२६ |
| ३ | सस्थागत निक्षेप | २९,०२,१५८ |
| ४ | व्यक्तिगत निक्षेप | १७,७८,७३० |
| ५ | अन्य परिपक्व निक्षेप | १८,६०,७३८ |
| ६ | कुल निक्षेप फिर्ता भुक्तानी | १०१५०२०७ |
| ७ | निक्षेप खाता सख्या | १,१७,०२० |

| | | |
|---|---|---|
| ८ | कुल तरल सम्पत्ति | ११,२७,०९१ |
| ९ | नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ३,७४,०५७ |
| १० | बैक तथा वित्तीय सस्थामा राखेको नगद रहेको मौज्दात | ७,१९,३३७ |
| ११ | आफ्नो भल्टमा रहेको रकम | ३३,६९७ |
| १२ | निष्कृय कर्जा रकम | ७४,५७,६०८ |
| १३ | कुल चुक्ता पूँजी | ४५,७१,१२७ |
| १४ | निष्कृय कर्जा अनुपात | ८८ % |
| १५ | कुल कर्मचारी सख्या | ३०२ |

(समस्याग्रस्त १३ वटा सस्थाहरुको २०७२ आषाढ मसान्तको प्रमुख वित्तीय परिसूचकहरु अनुसूची २ मा समावेश गरिएको । )

## ९.२. वित्तीय विवरण प्रकाशन गने क्रममा सस्थाहरुलाई दिइएका प्रमुख निर्देशनहरु

बैंक तथा वित्तीय सस्थाहरुको वार्षिक वित्तीय विवरण प्रकाशन गर्ने क्रममा बैंकको स्विकृती लिनुपर्ने व्यवस्था अनुसार यस आर्थिक वर्षमा १३ वटा सस्थाहरुमध्येमा २ वटा सस्थाहरुले मात्र अन्तिम लेखापरीक्षण सम्पन्न गरी प्रकाशन गर्न स्वीकृतीको लागि पेश गरेका छन । अधिकांश सस्थाहरुले लेखापरीक्षण सम्पन्न गराउन र साधारण सभाको बैठक वोलाउन नसकेको देखिन्छ । आर्थिक वर्ष २०७१।७२ को अवधिमा अघिल्लो आ.व.हरुको वित्तीय विवरण प्रकाशन गर्न स्विकृती दिइएका सस्थाहरु निम्नानुसार रहेका छन् ।

### ९.२.१ गोर्खा डेभलपमेंन्ट बैंक(नेपाल) लिमिटेड

श्री गोर्खा डेभलपमेंन्ट बैंक(नेपाल) लिमिटेडले पेश गरेको आर्थिक वर्ष २०७०/७१ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसंग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको वार्षिक प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्वन्धमा देहाय वमोजिम निर्देशन दिइएको ।

१. यस बैंकवाट दिईएको कार्य विवरण (TOR) अनुसारका कार्यहरु तोकिएको समय सीमा भित्र सम्पन्न गर्ने व्यवस्था मिलाउनु हुन ।
२. संस्थाको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नु हुन ।
३. बैंकको लेखा व्यवस्थित गर्न आवश्यक पर्ने लेखा नीति तर्जुमा गरी लागू गर्ने व्यवस्था मिलाउनु हुन ।
४. संस्थामा रहेको गैर बैकिंग सम्पत्ति विक्री गर्ने व्यवस्था मिलाउनु हुन ।
५. लेखापरिक्षकले औल्याएका अन्य कैफियतहरु सुधार गर्नु हुन ।

### ९.२.२ क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड,

श्री क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड, बत्तीसपुतली, काठमाडौले पेश गरेको आ.व. २०७०/७१ को वित्तीय विवरण, लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिउत्तर, लेखापरीक्षकको अन्तिम प्रतिवेदन, लङ्गफर्म रिपोर्ट र कर्जा

नोक्सानी व्यवस्थाको बिश्लेषणको आधारमा देहाय बमोजिमका निर्देशन/शर्तहरु समावेश गरी आ.व.२०७०/७१ को वित्तीय विवरण प्रकाशन गर्न स्वीकृती दिइएको ।

क) यस बैंकवाट संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिईएका शर्तहरु पालना गर्न हुन ।

ख) संस्थाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउन हुन ।

ग) संस्थामा रहेका स्थिर सम्पत्ति तथा गैर-बैंकिङ सम्पत्तिको अविलम्ब बिक्री गरी निक्षेप तथा अन्य दायित्व भुक्तानीको व्यवस्था गर्नु हुन ।

घ) संस्थाले पेश गरेको वित्तीय विवरणको अनुसूची ४.३०(क) र अनुसूची ४.३१ मा पुँजीकोष विवरण फरक परेको देखिएकोले यकिन गरी वित्तीय विवरण प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

ङ) लेखापरिक्षकले औंल्याएका अन्य कैफियतहरु सुधार गर्नु हुन ।

## १०. समस्याग्रस्त सस्थाको खारेजी प्रक्रिया

वित्तीय एवं गैर वित्तीय परिसूचकहरु सन्तोषजनक नभएको र सुधारात्मक र उपचारात्मक कार्यहरु अघि बढाउन नसकेको कारणले समस्याग्रस्त घोषणा गरिएका निम्न सस्थाहरुको खारेजीको लागि पुनरावेदन अदालतमा निवेदन दर्ता गराएको छ ।

### १०.१. हिमालय फाइनान्स लि.

वित्त कम्पनी सुपरिवेक्षण विभागको मिति २०६९।०९।०८ को पत्रानुसार विभिन्न मितिमा हिमालय फाइनान्स लिमिटेड, सुन्धारा, काठमाण्डौंको स्थलगत निरीक्षण गर्दा कर्जा चुक्ता गरी सकेको ऋणीहरुको धितो फुकुवा नगरी सोही धितोमा आफुखुशी ऋण थप गरेको, कर्जा नै नलिएका ऋणीहरुको कर्जा फाइल तयार गरी कर्जा प्रवाह गरेको देखाइएको, संस्थाको कोष अपचलन गरी वर्तमान एवं भूतपूर्व कर्मचारीहरु र आफूले प्रभाव पार्न सक्ने व्यक्तिहरुको नाममा विभिन्न ठाँउमा जग्गाहरु खरीद गरेको र सो जग्गा समेत धितो राखेर कर्जा प्रवाह गरेको देखाइएको, ललितपुर शाखाको निक्षेप र कर्जाको वास्तविक विवरण पत्ता लगाउन नसकिएको साथै त्यहाँ कार्यरत कर्मचारीहरुले गराएको जानकारी अनुसार तत्कालीन महाप्रबन्धक श्री सिसम मल्लले निक्षेप विवरण र कर्जा फाइल लगायत गोश्वारा भौचर तथा कम्प्युटर समेत जवरजस्ती कब्जामा लिई वेपत्ता बनाएको । DDA को प्रारम्भिक प्रतिवेदनमा समेत संस्थाको सम्पूर्ण निक्षेप लेखांकन नगरेको, व्याज आम्दानी यथार्थ भन्दा वढी देखाएको र संचालन खर्च कम देखाएको, कम्प्युटरवाट देखाएको र म्यानुअलवाट देखाएको गोश्वारा (लेजर) नभिडेको, कारोवारको भौचरहरु तयार नगरेको एवं पेन्सिलले केरमेट गरेको, वित्तीय विवरणमा देखाएको निक्षेप र निक्षेपकर्ताहरुको वास्तविक निक्षेपमा एकरुपता नदेखिएको, विभिन्न शाखाहरुवाट प्राप्त भएका कर्जा तथा निक्षेपका तथ्यांक आफू खुशी परिवर्तन गर्ने गरेको जस्ता अनियमितताहरु संस्थामा रहेको देखिएको । संस्थामा संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा आर्थिक अनुशासन अत्यन्त कमजोर रहेको, संस्था सामान्य बैंकिङ्ग पद्दती र प्रचलनमा संचालन नभएको, यस बैंकवाट जारी निर्देशनहरुको पालना गर्ने तर्फ संस्था गम्भीर नरहेको, संस्थाले आफ्नै आन्तरिक नीति, नियम, विनियम र कार्यविधिको समेत पालना नगरेको, संस्थाको सर्वोच्च निकाय सञ्चालक समितिका अध्यक्ष श्री तिर्थराम वैद्य तथा अर्का संचालक श्रीमती विन्दु देवी पौडयालले राजिनामा दिएकाले संस्था नेतृत्व विहिन हुँदै गएको, हाल संचालक समितिमा १ जना सदस्य मात्र रहेको, संस्थाका तत्कालिन व्यवस्थापन तहका पदाधिकारीहरु र महाप्रबन्धक फरार रहेको, कर्जा प्रमुख लामो समय देखि सम्पर्क विहिन रही संस्था सुचारु रुपले संचालन गर्न कठीनाई रहेको, जिम्मेवार र दक्ष कर्मचारीको अभाव भई यस बैंकमा पठाउनु पर्ने तथ्यांक र विवरणहरु प्राप्त नभएको, संस्थाका सञ्चालकहरुले संस्थाको भविष्य प्रति गम्भीर चासो

नदेखाएको, संस्थाको पुँजीकोष ऋणात्मक हुँदा पनि थप पुँजी वृद्धि गर्ने पूँजी योजना पेश हुन नसकेको, संस्थालाई समस्याग्रस्त घोषणा गरी सकेपछि पनि सो संस्थामा कुनै रणनैतिक साझेदार (Strategic Partner) ल्याउन कुनै पहल नगरेको, २०७० चैत्र मसान्तमा संस्थाको कूल निक्षेप रु. ७३ करोड रहेको मध्ये करीव रु. २५ करोड बराबरको रकम कम्पनीमा लेखाङ्कन हुन बांकी रहेको, कुल सम्पत्ति रु. ४३.७६ करोड हुन सक्ने अनुमानित विवरण अनुसार सम्पत्ती भन्दा दायित्वको अंश करीव रु.२८ करोडले बढी हुने देखिएको, रहेको तर वित्तीय विवरणमा करिब रु.७६ करोड देखाइएको साथै निक्षेप दायित्व करिब रु. ५३.४४ करोड देखाइएको । साथै, २०७१ असार मसान्तको वित्तीय विवरणमा पनि उपरोक्त स्थितिमा उल्लेख्य सुधार हुन नसकेको सन्दर्भमा संस्थाको वित्तीय **सम्पत्तिले वित्तीय दायित्व पूरा गर्न सक्ने कुनै ठोस आधार नदेखिएको, संस्था** Going Concern **मा संचालन हुन सक्ने अवस्था नरहेको,** संस्थालाई समस्याग्रस्त घोषणा गर्दा दिएका निर्देशनहरु पालना हुने विश्वसनीय आधार नदेखिएको, यस बैंकको पूँजी सम्बन्धी विद्यमान नीति निर्देशन अनुरुपको आवश्यकता पुरा हुने स्थिति नदेखिएको । नेपाल राष्ट्र बैंक ऐंन, २०५८ को दफा ८६ग. बमोजिमका कारवाही, सोही ऐंनको दफा ८६ङ. र दफा दफा ८६च. बमोजिमका सुधारात्मक र उपचारात्मक उपायहरु अवलम्बन गर्दा समेत संस्था सुधार हुन नसकेको तथा उपलब्ध DDA प्रतिवेदन तथा हालसम्मको कामकारवाही अनुसार संस्था अनवरत रुपमा चल्न सक्ने (Going Concern Assumption) सभावना नदेखिएको र संस्थालाई यथावत् रुपमा संचालन गर्न दिँदा संचालन खर्च वढ्न गई वित्तीय रुपमा झन् धरासायी हुने एवं निक्षेपकर्ता एवम् शेयरधनीहरुको हक हितको सुरक्षा हुन सक्ने अवस्था समेत नरही संस्थाले पुरा गर्नु पर्ने दायित्व पुरा गर्न असमर्थ भएको एवं संस्था सुचारु रुपले संचालन हुन सक्ने कुनै सम्भावना नदेखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६छ. र बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) को खण्ड (ज) बमोजिम खारेज गर्न मिति २०७१।७।१७ मा सम्मानित पुनरावेदन अदालतमा निवेदन पेश गरिएको ।

### १०.२. क्रिष्टल फाइनान्स लि.

यस बैंकबाट मिति २०६९/०६/०७ मा क्रिष्टल फाइनान्स लिमिटेडलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख. बमोजिम समस्याग्रस्त घोषणा गरिएको र सोही ऐनको दफा ८६ग. बमोजिम सुधारका विभिन्न निर्देशनहरु दिइएकोमा संस्थामा कुनै सुधार हुन नसकेको, संस्थाका सञ्चालकहरुले संस्थाको भविष्य प्रति गम्भीर चासो नदेखाएको, संस्थाको पुँजीकोष ऋणात्मक हुँदा पनि थप पुँजी वृद्धि गर्ने पूँजी योजना पेश हुन नसकेको, २०७१ असार मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार संस्थाको पूँजीकोष अनुपात ६२.३६ प्रतिशतले ऋणात्मक रहेको तथा प्राप्त प्रत्युत्तर बमोजिम २०७१ असारसम्ममा रु. १७ करोड नाफा गर्ने लक्ष्य विपरित संस्था निरन्तर नोक्सानीमा गई संचित नोक्सानी रु. ५६ करोड ७१ लख ३१ हजार पुगेको, दिव्यकुमार श्रेष्ठ (बैकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत कारवाहीमा रहेको) संग सम्बन्धित रु. २५ करोड तथा अन्य खराव कर्जा रु. १६ करोड गरी रु. ४१ करोड कर्जा असुली गर्ने लक्ष्य रहेकोमा सो कार्य हुन नसकी निक्षेपकर्तालाई रकम भुक्तानी गर्न नसकिरहेको, संस्थाको वित्तीय सम्पत्तिले वित्तीय दायित्वलाई धान्न सक्ने अवस्था नरहेको, यस बैंकको निर्देशन बमोजिम तोकिएको चुक्ता पुँजी कायम गर्न नसकेको, विद्यमान शेयरधनीवाट रकम संकलन गर्ने कार्यले गति लिन नसकेको, संस्थाले संस्था सुधारका लागि कुनै रणनैतिक साझेदार (Strategic Partner) ल्याउन नसकेको, संस्था समस्याग्रस्त वित्तीय संस्थाको रुपमा घोषणा गरिएको मितिदेखि नै तत्काल सुधारका लागि पटक पटक निर्देशन दिइएको, कार्ययोजना माग गर्दै निरन्तर ताकेता तथा अनुगमन गरिए वावजुद संस्थामा सुधार हुन नसकि वित्तीय अवस्था नाजुक भएको, DDA प्रतिवेदन तथा हालसम्मको कामकारवाही अनुसार संस्था अनवरत रुपमा चल्न सक्ने संभावना (Going Concern Assumption) नदेखिएकोले तथा संस्था अनवरत रुपमा

संचालन गर्न दिँदा संचालन खर्च क्रमशः बढन गई वित्तीय रुपमा झन धरासायी हुने एवं निक्षेपकर्ता एवम् शेयरधनीहरुको हक हितको सुरक्षा हुन सक्ने अवस्था समेत नरही संस्थाले पुरा गर्नु पर्ने दायित्व पुरा गर्न असमर्थ भएको एवं संस्था सुचारु रुपले संचालन हुन सक्ने कुनै सम्भावना नदेखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६छ. र बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) को खण्ड (ज) बमोजिम खारेज गर्न मिति २०७१।८।१९ मा सम्मानित पुनरावेदन अदालतमा निवेदन पेश गरिएको ।

## ११. रिजोलुसन सम्वन्धमा नयां उपकरणको प्रयोगः-

नेपाल राष्ट्र बैंक ऐनमा भएको प्रावधान बमोजिम गोर्खा डेभलपमेण्ट बैंक(नेपाल) लि. को सुधार प्रक्रिया अगाडि बढाउने सन्दर्भमा सम्पत्तिको वास्तविक मूल्य प्रतिविम्बित हुने गरी संस्थाको शेयर पूंजी समायोजन गर्न/घटाउन स्वीकृति प्रदान गरिएको छ । संस्थाले शेयर पूंजी समायोजन गर्नु अगावै मूल्याङ्कन लेखापरीक्षण (DDA) गराएको र सोही प्रतिवेदनमा उल्लिखित खुद सम्पत्तिको आधारमा चुक्ता पूंजी घटाई शेयरको अंकित मूल्य समायोजन गर्न यस बैंक समक्ष अनुरोध गरेकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ङ.को उपदफा (१) को (च) तथा दफा ८६ज. (१) ले दिएको अधिकार प्रयोग गरी संस्थाको चुक्ता पूँजी घटाउन तथा प्रति शेयर मूल्य रु. १०० चुक्ता भएको आधारमा कुल शेयर कित्ता शेयरधनीहरुसंग रहेको शेयर संख्या र रकम सोही पूँजीको अनुपातमा समायोजन गर्न नियुक्त अधिकारी/व्यवस्थापन समुहलाई स्वीकृति प्रदान गरिएको छ । नयां शेयर पूंजी घटाउंदा संचित नोक्सानी सोही अनुपातमा घट्न जाने भएकोले नयां लगानीकर्ता प्रवेश गराउन, मर्जर वा एक्विजिसन लैजान सहज हुने महसुस गरिएको छ । रिजोलुसन प्रक्रियाको नयां उपकरणको रुपमा शुरुआत गरिएको शेयर पूंजी समायोजन कार्यले संस्थाहरुको सुधार/निकासमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १२. रिजोलुसन कार्यमा देखिएका समस्या र चुनौतीहरु

देशमा खुला, उदार एवं बजारमुखी अर्थतन्त्रको नीति अवलम्बन पश्चात् वित्तीय संस्थाहरूको संख्यात्मक वृद्धिका साथै कारोबार रकम र उपकरणमा समेत वृद्धि भएको देखिन्छ । फलस्वरूप प्रतिस्पर्धामक बैंकिङ्गको विकास हुँदैं गइराखेकोले आगामी दिनमा सेवामा गुणस्तरीयता र लागतमा कटौती हुंदै जाने अपेक्षा गरिएको छ । प्रतिस्पर्धात्मक बैंकिङ्ग व्यवसाय सञ्चालन गर्नु र त्यसमा सफलता प्राप्त गर्ने कार्य अत्यन्तै चुनौतिपूर्ण हुन जान्छ । समस्याग्रस्त संस्थाहरुको संख्या थप हुदै जांदा वित्तीय स्थायित्व हासिल गर्ने र वित्तीय प्रणालीको विश्वसनीयतामा चुनौती देखापर्ने हुंदा यस प्रकारका संस्थाहरुको प्रभावकारी व्यवस्थापन आवश्यक पर्ने देखिएको छ । हाल रिजोलुसन कार्यमा देखा परेका प्रमुख चुनौतीहरू यसप्रकार छन्:

(१) समस्याग्रस्त सस्थाहरूमा खराब कर्जाको अंश अत्यधिक रहनु, आवश्यकभन्दा बढी कर्मचारी कार्यरत रहनु, व्यवस्थापन तथा संगठनात्मक स्थिति कमजोर रहनु आदि प्रमुख समस्याहरू हुन् । यसको प्रभावकारी कार्यान्वयन, निरन्तर अनुगमन, सुपरिवेक्षण र मूल्यांकनलाई सफलताका साथ अगाडि बढाउनु प्रमुख चुनौति रहेको ।

(२) समस्याग्रस्त घोषणा गरिएका अधिकाशं वित्तीय सस्थाहरुमा व्यक्तिगत वा समूहगत लाभ लिने अभिप्रायले प्रचलित ऐन कानून र निर्देशनले दिएका अधिकार तथा अख्तियारलाई लुकाई छुपाई संस्थागत सुशासन विपरित कामकाज हुने गरेको पाइएको छ । यसले गर्दा सर्वसाधारण जनताले दुःख तथा हैरानी पाउनु परेको र बैंक तथा वित्तीय संस्थाहरुतर्फको आस्था र विश्वास कायम गराउन चुनौति थपिएको ।

(३) आधुनिक बैंकिङ व्यवसायमा जोखिम वहन क्षमता बढाउन र स्वःलगानीको अनुपात कायम राख्नु पर्ने अपरिहार्य आवश्यकता ठानिएको अवस्था छ । तर पनि विगतमा कम पूँजीमा खोलिएका बैंक तथा वित्तीय संस्थामा हाल चूक्तापुँजी बृद्धि गर्ने निर्देशन कतिपय विकास बैंकहरुले पालना गर्न समस्या पर्न सक्ने देखिन्छ ।

(४) यस बैंकबाट जारी गरिएको निर्देशन अनुसार समयमा आउनुपर्ने सूचना तथा तथ्यांकहरु हालसम्म पनि केही सस्थाहरुले निर्दिष्ट समयावधिमा यथार्थपरक विवरण पठाउन नसकेको अवस्था छ ।

(५) बैंकिङ्ग व्यवसाय सञ्चालनका लागि पनि यस क्षेत्रको विशिष्टिकृत ज्ञान हासिल गर्नु जरुरी रहेको छ । यसका लागि वित्तीय व्यवस्थापन सम्वन्धी राम्रो अध्ययन र अनुभव हासिल गरेको जनशक्ति आवश्यक पर्छ । यसका साथै बैंकिङ्ग कृयाकलाप सञ्चालनको राम्रो प्रकृया, प्रणाली विकास गर्नुका साथै वाह्य घटना र परिस्थिति बुझ्न तथा त्यसले पार्ने असर सम्वन्धमा विश्लेषण गर्न सक्ने दक्ष जनशक्तिको कमी रहेको देखिन्छ ।

(६) समस्याग्रस्त सस्थाहरुमा बर्तमान सञ्चालक र लगानीकर्ताहरुको चासो कम देखिएको, दक्ष जनशक्ति पलायन हुने गरेको, सस्था विघटनमा गएतापनि विगतका सस्थापक सञ्चालकहरु कारवाहीको भागीदार हुन नपर्ने अवस्थाको सिर्जनामा लागि परेको देखिएको छ ।

## १३. नीति, योजना र आन्तरिक प्रशासनसंग सम्बन्धित गतिविधि

### १३.१.जनशक्ति :

हाल विभागमा अधिकृत स्तरका ५ र कार्यालय सहयोगीस्तरका १ जना गरी देहाय वमोजिमका ६ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।

| क्र.सं. | पद | नाम |
|---|---|---|
| १. | निर्देशक | श्री रेवतीप्रसाद नेपाल |
| २. | उप-निर्देशक | श्री रामप्रसाद फुयाल |
| ३. | उप-निर्देशक | श्री सुदिप फुयाल |
| ४. | सहायक निर्देशक | श्री राजेश शर्मा |
| ५. | सहायक निर्देशक | श्री टेकराज भण्डारी |
| ६. | कार्यालय सहयोगी चौथो | श्री कविन्द्र देउला नेपाली |

### १३.२.<u>वार्षिक कार्य योजना तथा प्रगति</u> :

महाशाखाको आर्थिक वर्ष २०७१।७२ को वार्षिक कार्य योजनाको प्रगति विवरण देहाय बमोजिम रहेको ।

| सिनं | कार्य विवरण | भाराङ्क | प्रगति विवरण |
|---|---|---|---|
| १. | समस्याग्रस्त संस्थाहरुको Resolution Plan तयार गरी कार्यान्वयनमा ल्याउने । | १ | लक्ष्य बमोजिम संस्थाहरुको Resolution Plan तयार गरी कार्यान्वयनमा ल्याएको । |
| २. | सुपरिवेक्षण विभागसंग समन्वय गरी विशेष निरीक्षण गर्ने । | १ | कार्ययोजना अनुरुप संस्थाहरुको विशेष निरिक्षण सम्पन्न भएको । |

| | | | |
|---|---|---|---|
| ३. | व्यवस्थापन विज्ञको सूची तयार गर्ने । | १ | सम्पादन भैसकेको |
| थप कार्यहरु विशेष/विकासात्मक कार्यहरु) | | | |
| ४. | समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली तयार गरी पारित गर्ने । | २ | संचालक समितिबाट पारित गरी कार्यान्वयनमा ल्याइएको । |
| | जम्मा | ५ | |
| गोष्ठी/अन्तरक्रिया | | | |
| १. | समस्याग्रस्त संस्थाको सुधार प्रभावकारी बनाउने सन्दर्भमा विज्ञहरुसंग १ दिने गोष्ठी गर्ने । | १ | २०७१ पौष, १८ गते बिज्ञहरुसंग गोष्ठी सम्पन्न भएको । |
| २. | समस्याग्रस्त संस्थाका पदाधिकारीहरुसंग सुधारका चरणहरुबारे अन्तरक्रिया गर्ने । | १ | २०७१ फागून २९ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको । |

## अनुसूची १ः नेपाल राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा गरिएका संस्थाहरुको विवरण

### क) विकास बैंक

| क.स. | संस्थाको नाम | कारवाही सम्बन्धी विवरण | सम्पर्क नम्वर |
|---|---|---|---|
| १. | गोरखा डेभलपमेण्ट बैंक (नेपाल) लि.<br>पुतलीसडक, काठमाण्डौ । | समस्याग्रस्त घोषणाः<br>२०६७।१२।११ | फोन नं.: ४२५५६५०<br>फ्याक्स नं.: ४२४२८२९ |
| २. | नारायणी डेभलपमेण्ट बैंक<br>रत्ननगर, चितवन । | समस्याग्रस्त वित्तीय संस्था घोषणा<br>२०७०।१२।२७ | फो. नं.: ०५६-५६१२५८,<br>फ्याक्स नं.:०५६-, ५६१६७०, |
| ३. | कर्पोरेट डेभलपमेंन्ट बैंक लि.<br>बीरगंज, पर्सा । | समस्याग्रस्त वित्तीय संस्था घोषणा<br>२०७१।०९।०४ | फोन नं.: ०५१-५३१०३१<br>फ्याक्स नं.: ०५१-५२७८४३ |

### ख) वित्त कम्पनी

| क.स. | संस्थाको नाम | कारवाही सम्बन्धी विवरण | सम्पर्क नम्वर |
|---|---|---|---|
| १. | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स लिमिटेड,<br>रामशाहपथ, काठमाण्डौ | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०६८।०९।२८ | फोन नं.: ४२५२३३२, ४२६७५९७<br>फ्याक्स नं.: ४२४८८४५ |
| २. | क्यापिटल मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स<br>लिमिटेड, बत्तिसपुतली, काठमाण्डौ । | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०६९।१०।०९ | फोन नं.: ४४६९७०२, ४४७१४५८<br>फ्याक्स नं. ४४९६३२१ |
| ३. | क्रिष्टल फाइनान्स लिमिटेड, चाइनाटाउन,<br>काठमाण्डौ । | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०६९।०६।०७ | फोन नं.: ४२१८२६९, ४२१८२७०<br>फ्याक्स नं.: ४२१९०५८ |
| ४. | कुवेर मर्चेन्ट फाइनान्स लिमिटेड,<br>ज्ञानेश्वर, काठमाण्डौ । | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०६९।०९।२३ | फोन नं.: ४४१६८५४, ५५,<br>४४२१४११<br>फ्याक्स नं.: ४४१६८३६ |
| ५. | हिमालय फाइनान्स लिमिटेड, बाग्दरबार, सुन्धारा,<br>काठमाण्डौ । | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०६९।०९।२३ | फोन नं.: ४२५९३७६, ४२३८२०१<br>फ्याक्स नं.: ४२५०१७२ |
| ६. | वर्ल्ड मर्चेन्ट बैकिङ्ग एण्ड फाइनान्स लिमिटेड,<br>हेटौडा, मकवानपुर । | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०७०।०१।०५<br>कार्यान्वयन-मिति २०७०।१।१३ | फोन नं.: ़०५७-५२११२९,<br>५२१४७९,<br>काठ.: ४२१२०९९<br>फ्याक्स नं.:०५७ ५२३२२९ |
| ७. | जनरल फाइनान्स लिमिटेड, चावहिल, काठमाण्डौ | समस्याग्रस्त वित्तीय संस्था<br>घोषणा-२०७०।०२।०८<br>कार्यान्वयन मिति २०७०।२।१२ | फोन नं.: ४४८४७५४,<br>४४६१००९,<br>फ्याक्स नं.४४८४७५४ |
| ८. | नेपाल फाइनान्स लिमिटेड,<br>कमलादी, काठमाण्डौ । | समस्याग्रस्त वित्तीय संस्था घोषणा<br>२०७१।०८।१७ | फोन नं.: ४२४७०२५, ४२२००३१<br>फ्याक्स नं.: ४२४१२३७ |
| ९. | अरुण फाइनान्स लि. धरान, सुनसरी । | समस्याग्रस्त वित्तीय संस्था घोषणा<br>२०७१।१०।१२ | फोन नं.: ०२५-<br>५२३१८५/५३३९३०<br>फ्याक्स नं.: ०२५-५२४४५० |
| १० | ललितपुर फाइनान्स लिमिटेड, लगनखेल,<br>ललितपुर । | समस्याग्रस्त घोषणाः<br>२०७१।१२।१६ | फोन नं.: ५५३६५९८, ५५२३८५०<br>फ्याक्स नं.: ५५३१९१६ |

## अनुसूची- २ समस्याग्रस्त संस्थाहरुको प्रमुख वित्तीय परिसूचकहरू (अपरिष्कृत)

# Nepal Rastra Bank, Problem Bank Resolution Division

### Financial Indicators of Problematic Bank and Financial Institutions, As on Ashad end 2072 (Provisional)

| | Financial Institutions | Gorkha | NSM | Crystal | Kuber | Himalayan | Capital | World M | GeneraL | Narayani | Nepal Fin | Corporate | Arun | Lalitpur | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Problematic Decision Date | 2067.12.11 | 2068.9.28 | 2069.6.7 | 2069.9.23 | 2069.9.23 | 2069.10.9 | 2070.1.13 | 2070.2.12 | 2070.12.27 | 2071.8.17 | 2071.9.04 | 2071.10.12 | 2071.12.16 | |
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | **Rs. in '000'** |
| **A** | **Before Problem** | | | | | | | | | | | | | | **Total** |
| 1 | Loan | 4,319,344 | 5,186,378 | 763,962 | 808,551 | 737,590 | 3,683,916 | 711,235 | 560,067 | 410,105 | 324,172 | 434,005 | 136,099 | 1,023,857 | 19,099,281 |
| 2 | Deposit | 4,168,182 | 3,094,513 | 566,109 | 710,198 | 542,587 | 2,798,380 | 519,134 | 411,964 | 825,537 | 419,270 | 406,792 | 153,324 | 1,293,726 | 15,909,716 |
| 3 | Institutional Deposit | 1,833,492 | 1,025,663 | 434,944 | 316,009 | 300,842 | 1,657,404 | 233,441 | 112,122 | 271,817 | 15,893 | 378,636 | 63,810 | 42,956 | 6,687,029 |
| 4 | Individual Deposit | 2,334,690 | 2,068,850 | 131,165 | 394,189 | 241,745 | 1,140,976 | 285,693 | 299,842 | 553,720 | 403,377 | 28,156 | 89,514 | 1,250,770 | 9,222,687 |
| 5 | No of Deposit Account | 37,449 | 18,106 | 1,771 | 9,602 | 7,491 | 22,155 | 8,683 | 5,850 | 11,677 | 3,739 | 11,489 | 3,497 | 7,455 | 148,964 |
| **B** | **Current Situation** | | | | | | | | | | | | | | ***2072 Ashad*** |
| 1 | Loan | 980,689 | 2,520,899 | 445,897 | 376,529 | 97,045 | 1,756,919 | 350,493 | 210,493 | 213,211 | 284,773 | 316,513 | 100,849 | 820,245 | 8,474,555 |
| 2 | Deposit | 1,167,453 | 942,336 | 298,288 | 284,795 | 708,158 | 870,811 | 371,418 | 43,092 | 371,350 | 232,348 | 232,386 | 120,545 | 898,646 | 6,541,626 |
| 3 | Institutional Deposit | 1,094,694 | 248,169 | 294,512 | 17,180 | 157,382 | 416,292 | 221,597 | 17,008 | 166,608 | 16,171 | 207,876 | 13,129 | 31,540 | 2,902,158 |
| 4 | Individual Deposit | 72,759 | 34,518 | 3,776 | 22,964 | 190,857 | 24,280 | 34,262 | 26,084 | 204,742 | 216,177 | 24,510 | 56,695 | 867,106 | 1,778,730 |
| 5 | Other /Matured FD | | 659,649 | 0 | 244,651 | 359,919 | 430,239 | 115,559 | | 0 | 0 | 0 | 50,721 | | 1,860,738 |
| 6 | Accumulated Payment | 3,497,919 | 2422974 | 307,209 | 425,403 | 127,101 | 1,275,082 | 263,275 | 354,117 | 454,186 | 186,921 | 408,161 | 32,779 | 395,080 | 10,150,207 |
| 7 | No of Deposit Account | 34,002 | 11594 | 1150 | 8,493 | 2,819 | 10,701 | 7,863 | 4,467 | 11,361 | 3,197 | 11,197 | 3,385 | 6,791 | 117,020 |
| 8 | Liquidity | 220,413 | 104,934 | 19,119 | 51,563 | 5,864 | 37,489 | 46,290 | 80,061 | 152,698 | 14,356 | 10,549 | 29,244 | 354,511 | 1,127,091 |
| 9 | Cash at NRB | 365 | 3,777 | 1,885 | 1 | 405 | 3,990 | 82 | 721 | 473 | 6,240 | 171 | 13,400 | 342,547 | 374,057 |
| 10 | Cash at Bank and Fis | 216,372 | 96,373 | 16,942 | 46,233 | 5,241 | 31,499 | 44,932 | 77,381 | 148,608 | 5,530 | 7,022 | 13,725 | 9,479 | 719,337 |
| 11 | Cash at Vault | 3,676 | 4,784 | 292 | 5,329 | 218 | 2,000 | 1,276 | 1,959 | 3,617 | 2,586 | 3,356 | 2,119 | 2,485 | 33,697 |
| 12 | No Of Employee | 54 | 36 | 7 | 18 | 13 | 23 | 22 | 21 | 26 | 13 | 21 | 26 | 22 | 302 |
| 13 | NBA | 357,487 | 16,101 | 72,490 | | | | 61,057 | | 0 | 94,026 | 233,453 | 70,521 | 48,299 | 953,434 |
| 14 | Loan loss Provision | 780,013 | 2,487,729 | 439,288 | 351,631 | | 1,756,919 | 361,074 | 184,632 | 174,991 | 225,135 | 163,201 | 93,587 | 455,623 | 7,473,823 |
| 15 | NPL Percentage | 80 | 98 | 98 | 95 | 100 | 100 | 99 | 98 | 86 | 89 | 51 | 93 | 60 | 88 |
| 16 | Capital fund/RWA % | (15.00) | (2.93) | (30.77) | (31.90) | (7.82) | (22.65) | (52.66) | 19.78 | (24.63) | (11.97) | 3.71 | (8.74) | 1.60 | -14 |
| 17 | Paid up Capital | 198,245 | 2,034,288 | 70,000 | 150,000 | 140,000 | 935,069 | 181,980 | 132,228 | 55,572 | 135,800 | 200,000 | 150,000 | 187,945 | 4,571,127 |